# अध्याय - एक
# परिचय

यस अध्यायमा अध्ययन शीर्षकको परिचय प्रस्तुत गरिएको छ । सर्वप्रथम अध्ययनको पृष्ठभूमि अन्तर्गत शीर्षक छनोटको प्रकारणहरुलाई समाजशास्त्रीय ढंगले स्थापित गरिएको छ । दोस्रो यस अध्ययनमा कस्ता समस्या वा विषय उठान गरिएको छ भन्ने तथ्य अनुसन्धान प्रश्नहरु मार्फत प्रस्तुत गरिएको छ। तेस्रो, यस अध्ययनले राखेको साधारण तथा विशिष्ट उद्देश्यहरु समावेश गरिएको छ । चौथो, यस अध्ययनको महत्व तथा औचित्य प्रस्तुत गरिएको छ भने अन्तमा यो समग्र अध्ययनको संगठनको विवरण प्रस्तुत गरिएको छ।

## १.१ अध्ययनको पृष्ठभूमि

सामुदायिक वन भन्नाले सामुहिक हितको लागि वनको विकास, संरक्षण,उपभोग र व्यवस्थापन गर्न तथा स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी विक्रि वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग स्थानिय तहमा गठन गरिएको वन उपभोक्त समूहलाई हस्तान्तरण गरिएको वा सुम्पिएको वन हो (वन ऐन, २०४९) ।

समूहका मानिसहरुले उपभोक्ता समूह गठन गरी व्यवस्थापन गर्ने जिम्मा लिएको वन क्षेत्रको भूमिको स्वामित्व नेपाल सरकारमानै रही रहने तर वन पैदावारको स्वामित्व भने उपभोक्ता समूहमा रहने हुन्छ । यस्तो वनमा समूहका सबै सदस्यहरु महिला, पुरुष, धनी, गरीब, दलीत, जनजाति र उपल्लो जाति सबैको स्वामित्व र अधिकार बराबर हुन्छ (मार्गदर्शन २०६५) ।

वनलाई संतुलन कायम राखी जीविकोपार्जन एवं आर्थिक लगायतका बहुउद्देश्यीय फाइदा प्राप्तिको लागि स्थानीय जन समुदाय मिलि संयुक्त रुपमा गरिने दिगो वन व्यवस्थापन प्रणालीलाई सामुदायिक वन भनिन्छ भने प्राप्त हुने लाभलाई समतामूलक वितरण प्रणालीको विकासगरी गरिबी न्यूनीकरण एवं महिला/पुरुष सम विकासलाई प्रबर्द्धन गर्नु यसको उद्देश्य रहेको छ, (गतिविधि पत्रिका) २०६० ।

नेपालका धेरैजसो मानिसहरु ग्रामीण क्षेत्रमा बसोबास गर्ने र मुख्यतया कृषि पेशासँग सम्बन्धित रहेको पाइन्छ । नेपालको आर्थिक विकासमा योगदान दिने प्रमुख श्रोतको रुपमा

रहेको वन र कृषि तथा पशुपालन बीच अन्योन्याश्रित सम्बन्ध रही आएको छ । कृषि तथा पशुपालन पेशामा आश्रित अधिकांश ग्रामीण समुदायलाई सहयोग गर्ने मुख्य कारकको रुपमा वन जंगलको भूमिका अपरिहार्य रहेको पाइन्छ । वन जंगलको उचित व्यवस्थापन र संरक्षणको अभावमा ग्रामीण समुदायलाई दैनिक रुपमा आवश्यक पर्ने वन पैदावारको परिपूर्ति हुन सक्दैन । समुदायलाई चाहिने विभिन्न प्रकारका अत्यावश्यक वन पैदावारहरु जस्तोः काठ, दाउरा, घाँस, सोत्तर, वाँस आदिको अलावा दैनिक आवश्यक पर्ने सामग्रीहरु बाँस/निगालोको चोयाबाट ढकी, मान्द्रो, नाङ्गलो, डोको, टोकरी , थुनसे, भकारी, पानीपर्दा ओड्ने घुँम, रुखको लोकताबाट बनाइने दामलो, नाम्लो, माछामार्ने जाल आदि र वनबाट प्राप्त हुने जडिबुटी औषधिको अभावमा ग्रामीण जीवनको दैनिकीमा नै प्रभाव पर्न जाने हुन्छ त्यसैले आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक कार्यमा वनको ठूलो महत्वपूर्ण स्थान रहेको हुँदा समुदाय र वन सम्पदा बीच अन्योन्याश्रित सम्बन्ध रही आएको छ । त्यसैले हाम्रो संस्कारमा मानिसलाई जन्मदेखि मृत्युसम्म वन जंगलको आवश्यकता रहेको हुन्छ (कल्पवृक्ष, २०६३)

समुदायमा व्यक्तिहरुको आफ्नो हात मुख जोड्ने व्यवस्था अन्नबालीको लागि चाहिने पानीको मुहान, मलको श्रोत, दुधदिने गाई भैंसिको लागि घाँस, सोत्तरको भण्डार, पकाई तुल्याउने दाउराको कुन्यौ, विरामी पर्दा चाहिने जडिबुटी अनि आफ्नै घरवास, पुजाआजा र चिता समेतको लागि काठ, दाउरा दिने हाम्रो सामुदायिक वन कति आवश्यक होला (अनुगमन तथा मूल्यांकन प्रतिवेदन, २०६४) ।

प्रकृतिमा पाइने प्राणी तथा वनस्पतिबीच अपरिहार्य अन्तरसम्बन्ध रहेको छ । मानवको लागि आवश्यक गाँस, बास, कपास र औषधिको पूर्ति प्रकृतिमा पाइने प्राणी र वनस्पतिबाट हुन्छ । विश्व अर्थ व्यवस्थाको ४० प्रतिशत निम्न आय भएका अधिकांश व्यक्तिहरुको ८० प्रतिशत आवश्यकता जैविक श्रोतबाट परिपूर्ति गरिन्छ (गतिविधि पत्रिका, २०६०) ।

विगतमा वन क्षेत्रलाई अविकसित भूभागको रुपमा लिइन्थ्यो र वन फडानी गरी खेतिपाती गरिने कार्यलाई प्राथमिकता दिई त्यस भूभागको सही उपयोग भएको ठानिन्थ्यो । फलस्वरुप राणाकालीन समयमा देशको तराई तथा पहाडतिर व्यापक रुपमा रहेको वन जंगललाई विर्ताको रुपमा वितरण गरी कृषि योग्य जमिनमा परिणत गर्ने कार्यलाई प्रोत्साहन गरियो । वि.सं.२००७ सालको प्रजातन्त्रको प्राप्ति पश्चात नेपालमा परम्परागत रुपमा उपभोग गर्दै आइरहेको निजी वनलाई निजी वन राष्ट्रियकरण ऐन २०१३ ले खारेजी गरी वनलाई वैज्ञानिक तरिकाबाट संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने उद्देश्यले नेपालको निजी वनको राष्ट्रियकरण गरियो । तर त्यस ऐनको कार्यान्वयन अघि अपनाउनुपर्ने आवश्यक पूर्वाधारको

कमी तथा ऐन कार्यान्वयन पश्चात उचित व्यवस्थापनको अभावले गर्दा जनमानसभा निजी वन राष्ट्रियकरण ऐन प्रति नकारात्मक धारणा विकसित हुन गई यसको उद्देश्य विपरित वन जंगलको विनास तीव्र गतिले हुन थाल्यो । जन समुदायको वन प्रतिको परम्परागत निर्भरतालाई उचित रुपले सम्बोधन हुने गरी वन विकासको साझा कार्यक्रमहरु जनता समक्ष ल्याउन नसकेको कारणले वन विनासमा तीव्रतामात्र आएन वरु जनतामा वन संरक्षणप्रतिनै नकारात्मक धारणा वन्न पुग्यो । वन प्रतिको यस्तो नकारात्मक सोचलाई सकारात्मक वनाउने उद्देश्यले समय समयमा विभिन्न किसिमको ऐन नियम वनाई व्यवस्थापन कार्यमा समुदायलाई संलग्न गराउने सरकारी प्रयासहरु गरिएतापनि वन व्यवस्थापन कार्य प्रभावकारी हुन सकेन । वि.सं २०४६ सालको जन आन्दोलन पश्चात सरकारले वन ऐन २०४९ लागु गरी सो अघि बनेको ऐन नियमलाई संशोधन गरेर वन व्यवस्थापनको जिम्मा उपभोक्ता समूहमा हस्तान्तरण गरी सामुदायिक वन व्यवस्थाको थालनि गरियो । फलस्वरुप वनको उचित संरक्षण, सम्बर्न्धन एवं व्यवस्थापन कार्यमा व्यक्ति र समुदायलाई सहभागि हुन र अत्याधिक लाभ लिनको लागि वनलाई विभिन्न व्यवस्थापकिय समूहमा जस्तोः सामूदायिक वन, निजी वन, धार्मिक वन एवं कबुलियती वन आदिमा विभाजन गरी यसलाई हस्तान्तरण गर्ने कानुनी व्यवस्था गरियो (काफ्ले, २०५२) ।

विभिन्न व्यवस्थापकीय समूहमा विभाजन गरिएको वन मध्ये सामुदायिक वन एक मुख्य हो । नेपालमा झण्डै १५००० (पन्ध्र हजार) सामुदायिक वन उपभोक्ता समूहलाई करिब तेह्र लाख हेक्टर वन हस्तान्तरण गरिसकेको छ । त्यस मध्ये मकवानपुर जिल्ला सामुदायिक वन संरक्षणको आँकडामा नेपालकै अग्रणी जिल्लामा रहेको पाउँदछौ । मकवानपुर जिल्लामा आ.व.२०४७/०४८ मा जम्मा २ वटा सामुदायिक वन (३०९.१७ हेक्टर वनक्षेत्र) उपभोक्तालाई हस्तान्तरण गरी शुरुवात गरिएकोमा आ.ब.२०६६/०६७ सम्म आईपुग्दा ३६८ सामुदायिक वन उपभोक्ता समूहको नाममा ६६,०३१.४५१ हेक्टर वन सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । जसबाट लाभांन्वित हुने घरधुरिको संख्या ६१८९८ रहेको छ । हालसम्म हस्तान्तरण भएको सामुदायिक वन उपभोक्ता समूहमध्ये आठ वटा सामुदायिक वन महिला सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । आ.व.२०६६/०६७ सम्म यस जिल्लामा रहेका ४३ गा.वि.स.तथा १ नगरपालिका मध्ये ४१ गा.वि.स. तथा १ नगरपालिकामा सामुदायिक वन हस्तान्तरण भएको छ (अनुगमन तथा मूल्यांकन पुस्तिका २०६७) ।

सामुदायिक वनको लक्षित समूह भनेको नै उपभोक्ताहरु हुन । उपभोक्ता कसलाई भन्ने सम्बन्धमा सामुदायिक वन विकास कार्यक्रमको मार्ग दर्शनमा उल्लेख गरिए अनुसार

“सम्बन्धित वन क्षेत्रको परम्परागत रुपले उपभोग गरिरहेका र सो वन क्षेत्रसंग सरोकार राख्ने घरधुरी लाई नै उक्त वनक्षेत्रको उपभोक्ता भनिन्छ” भनिएको छ । उपभोक्ता पहिचान गर्न निम्न आधारहरु लिन सकिन्छ ।

- परम्परागत रुपले भोगचलन गर्दै आएका घरधुरी
- पायक पर्ने घरधुरी
- उपभोक्ता समूहमा समावेश हुन चाहना भएका घरधुरी
- वनमा आश्रित घरधुरी
- वनको संरक्षण, सम्बर्धन र व्यवस्थापनमा योगदान दिन सक्ने घरधुरी

(सामुदायिक वन विकास कार्यक्रमको मार्ग दर्शन २०६५) ।

जनजाति भनेका को हुन भन्ने सम्बन्धमा आइ एल.ओ. ले सन १९५७ मा पहिलोपल्ट आदिवासी र जनजाति सम्बन्धी महासन्धि १०७ पारित गर्दा आदिवासी र जनजातिलाई पिछडिएका र अन्ततः राष्ट्रिय मूलधारमा विलय गरिएका समुदाय भनेको थियो ।
तर सन १९८९ मा पुनः परिभाषित गरेर आदिवासी र जनजाति सम्बन्धि महासन्धि १६९ पारित गरियो जसमा जनजाति र आदिवासी समूहको बारेमा यो भनिएको छः

क) स्वतन्त्र देशका ती जनजातिहरुमा लागुहुन्छ जो सामाजिक साँस्कृतिक तथा आर्थिक रुपले राष्ट्रिय समुदायका अन्य समूहहरुभन्दा भिन्दै छन् र जसको गतिविधिहरु उनीहरुको आफ्नै प्रथा परम्परा वा विशेष कानुन वा नियमहरु द्धारा पूर्ण वा आंशिक रुपमा सञ्चालित छन् ।

ख) आफ्नो राज्यमाथि विजय हुनु वा औपनिवेशीकरण हुनु वा वर्तमान राज्यको सिमाना निर्धारण हुनु भन्दा अघिदेखिनै सो देशमा वा देशको कुनै भौगोलिक भूभागमा वंशजको आधारमा बसोबास गरिरहेका आधारमा ‘आदिवासी’ मानिएका स्वतन्त्र देशका जनताहरु जसको आफ्नो कानुनी अवस्थालाई बेवास्ता गरिएता पनि आफ्नो केहि वा सबै सामाजिक तथा राजनीतिक संस्थाहरुलाई कायम नै राखिरहेका छन् ती समूहहहरुमा लागू हुन्छ ।

त्यस्तै नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा “आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीति रिवाज छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमका जाति वा समुदायलाई सम्झनु पर्दछ भनिएको छ (शारदा शर्मा-कान्तिपुर दैनिक) ।

नेपालमा पिछडिएका वर्गहरुमा जनजाति अग्रस्थानमा पर्दछन् । उनीहरु धेरै जसो ग्रामीण क्षेत्रमा बसोबास गर्ने र कृषि तथा पशुपालन पेशा अपनाउने भएकोले उनीहरुको प्राकृतिक श्रोतसंगको सम्बन्ध अपरिहार्य रहेको पाइन्छ । वनबाट नै उनीहरुले काठ दाउरको साथै कतिपयले अन्नको कमि भएको बेलामा जंगली कन्दमूलबाट नै आफ्नो जीवन धान्ने गरेका छन् । त्यस्तै कतिपय जनजातिहरुले दैनिक आवश्यक सामाग्रीहरु जस्तो : बाँस वा निगालाको चोयाबाट ढकी, मान्द्रो, नाङलो, डोको, टोकरी, भकारी र धुम आदि र रुखको लोकदाबाट नाम्लो, दाम्लो, माछा पार्ने जाल को साथै काठको ठेकी, सिमाङ आदि निर्माण गरी सोको विक्रिबाट प्राप्त आम्दानीले आफ्नो दैनिक गुजारा चलाइरहेका पाइन्छ भने वनबाट प्राप्त हुने जडिबुटिले आफ्नो औषधिमुलोको आवश्यकता पूरा गरेका छन् ।

## १.२ समस्याको कथन

नेपाल विभिन्न जाति, धर्म, संस्कृति, परम्परा र रीतिरिवाजले भरिएको देश हो । भौगोलिक विषमता, आर्थिक विपन्नता र अशिक्षाले ग्रस्त भएतापनि प्राकृतिक र सांस्कृतिक रुपमा यो एउटा सम्पन्न देश हो । नेपाललाई बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक राष्ट्र भनेर चिनिन्छ । यहाँ हरेक जात जातिको आ-आफ्नै महत्व र भूमिका छ । सम्पूर्ण मानिसले स्वतन्त्रतापूर्वक र शान्तिपूर्ण तरिकाले बाँच्न पाउनु उनीहरुको मानव अधिकार हो तर हाम्रो देशमा हाल यो अवस्था भएका पाइदैन ।

अन्तरिम संविधान २०६३ अनुसार कानुनको दृष्टिमा सबै समान हुने जाति, धर्म, भाषा, लिङ्गको आधारमा कसैले भेदभाव गर्न नपाउने भनि उल्लेख गरिएको भएतापनि यी कुराहरु व्यवहारमा पूर्ण रुपले कार्यान्वयन भएको पाइदैन ।

त्यस्तै सामुदायिक वन विकास कार्यक्रमको मार्ग दर्शन २०६५ अनुसार वन समूहले आर्जन गरेको आम्दानीबाट कम्तिमा ३५ प्रतिशत रकम सहभागितामूलक सम्पन्नता स्तरीकरणलाई आधारमानि विपन्न वर्गको महिला, आदिवासी जनजातिको लागि लक्षित कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाउन पर्दछ भनी उल्लेख गरिएको भएता पनि धेरै जसो वन समितिको कार्य समिति र निर्णय प्रक्रियामा माथिल्लो वर्गको (धनी, शिक्षित, माथिल्लो जाति) को प्रभुत्व हुने गरेकोले जनजाति र महिलाको लागि लक्षित कार्यक्रम त्यति सफल भएको पाँइदैन (सामुदायिक मार्गदर्शन, २०६५) ।

सामुदायिक वनमा देखापरेका समस्याहरु निम्न अनुसारको प्रश्नहरुमा आधारित रहेर अध्ययन गरिएको छ :

- सामुदायिक वनको भेला, छलफल र कार्य समितिमा जनजातिको सहभागिता कस्तो छ?
- जनजातिको निर्णय प्रकृयामा प्रभाव तथा वन पैदावारको उपभोग र आय वितरण सम्बन्धमा कस्तो व्यवस्था गरिएको छ ?
- सामुदायिक वनले उपभोक्ताको जीवनयापनमा कस्तो प्रभाव पारेको छ?

## १.३ अध्ययनको उद्देश्य :

यस अध्ययनको सामान्य उद्देश्य सामुदायिक वन र त्यसका उपभोक्ताबीचको अन्तर सम्बन्ध पत्ता लगाउनु रहेको छ भने विशिष्ट उद्देश्यहरु निम्नानुसारका रहेका छन् :

- सामुदायिक वनमा जनजाति उपभोक्ताको सहभागिताको अवस्था पत्ता लगाउने ।
- सामुदायिक वनसँग सम्बन्धित जनजाति उपभोक्ताको जीवनयापनामा सामुदायिक वनले खेलेको भूमिका पत्ता लगाउने ।
- जनजाति उपभोक्तालाई सामुदायिक वनले पुऱ्याएको फाइदाहरुको मूल्याङ्कन गर्ने ।

## १.४ अध्ययनको औचित्य

यो अध्ययन स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि गरिएको हो । सामुदायिक वन र उपभोक्ताबीचको अन्तरसम्बन्धले यस अध्ययनको समाजशास्त्रीय महत्व स्थापित गर्दछ भने सांस्कृतिक पर्यावरण सिद्धान्तका मान्यताहरुले यस अध्ययनको वैज्ञानिक पद्धतिसँग सम्बन्ध राख्दछ ।

यस अध्ययनले एकातर्फ जनजातिहरुको सामुदायिक वन प्रतिको सहभागितात्मक अवस्था उजागर गर्दछ भने अर्कोतर्फ सामुदायिक वनले उपभोक्तामा पारेको प्रभाव मूल्याङ्कन गर्दछ । अतः यो अध्ययनबाट वन समिति, उपभोक्ता र सामुदायिक वनसम्बन्धी योजनाकारहरु लाभान्वित हुन सक्दछन् । यसको अलावा नीति निर्माता, अनुसन्धानदाता र विकाससम्बन्धी संघ संस्थाहरुलाई यो अध्ययन उपयोगी हुन सक्दछ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनलाई मुख्य रुपमा छ भागमा विभाजन गरिएको छ । पहिलो अध्यायमा परिचय शीर्षक अन्तरगत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको

औचित्य र अध्ययनको संगठन रहेका छन् । दोस्रो अध्यायमा पूर्व साहित्यको समीक्षा गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान पद्धतिबारे विस्तृत रुपमा उल्लेख गरिएको छ जस अन्तरगत अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रका छनौट र औचित्य, समग्रता र नमूना छनौट विधि, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क संकलनका विधि, तथ्याङ्क प्रशोधन, विश्लेषण र प्रस्तुतिकरण, अनुसन्धान आचारसंहिता र अध्ययनका सीमाहरु समावेश गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको सामान्य परिचय दिइएको छ । पाँचौ अध्यायमा अध्ययनसँग सम्बन्धित संकलित प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई विश्लेषण गरी सामुदायिक वनले समुदायको आर्थिक र सामाजिक पक्षमा खेलेको सकारात्मक तथा नकारात्मक प्रभाव प्रस्तुतीकरण गरिएको छ । छैठौं तथा अन्तिम अध्यायमा अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय - दुई
# पूर्व साहित्य समीक्षा

यस अध्ययन विषयसँग सम्बन्धित पूर्व साहित्यहरुको जति सक्दो गहनतम अध्ययनले नै आधारभूत ज्ञानको तहलाई परिमार्जित गर्दछ । पूर्व साहित्य समीक्षाबाट अध्ययन भैसकेका विषयभित्रबाटै अनुसन्धान हुन बाँकी रिक्त स्थानको खोजी गरिन्छ । पूर्व साहित्य समिक्षा गर्नाले अध्ययन तथा अनुसन्धानमा डुप्लीकेसन हुन पाउँदैन । यति मात्र नभै यसबाट परिकल्पना निर्माण र अवधारणागत फ्रेमवर्क निर्माण गर्न सघाउ पुग्दछ । त्यसैले यहाँ प्राप्त पूर्व साहित्यहरुको विश्लेषण सार समीक्षा गरिएको छ ।

अधिकांश गरीव, भूमिहीन तथा पिछडिएका ग्रामीण समुदाय आफ्नो जीविकोपार्जनको लागि वन तथा वन पैदावारमा आश्रित हुने हुनाले उनीहरुको आवश्यकतालाई ध्यानमा राखी सामुदायिक वनको वन पैदावारको व्यवस्थापन तथा वितरण समानताको आधारमा गरिनु पर्दछ (शर्मा : १९९३) ।

सामुदायिक वनको मूख्य कार्यक्षेत्र गरीव, असहाय, सुविधाविहिन तथा पिछडिएका व्यक्तिहरुको लागि रोजगारीको अवसर प्रदान गर्नु तथा आयमुलक कार्यक्रमद्वारा उनीहरुको जीवनस्तर उकास्नु रहेको छ  (आचार्य र अन्य : १९९९) ।

सुविधाविहीन वर्गमा त्यस्ता समदाय पर्दछन् जो सँग ऐतिहासिक, सामाजिक र आर्थिक दृष्टिकोणले विभेदपूर्ण व्यवहार गरिन्छ र जसको पहुँच कुनैपनि श्रोत साधन सम्म सजिलै पुग्न सकेको हुदैन । त्यस्ता वर्गको अध्यधिक श्रम शोषण हुने र उनीहरुको आर्थिक अवस्थामा सुधार हुनुको साटो झन कमजोर हुदै जाने गरेको पाइन्छ । यस्ता वर्गमा केहि जनजाति र दलीतवर्ग पर्दछन् (केयर नेपाल-१९९६) ।

सामुदायिक वनको सम्बन्ध वन पैदावार तथा लाभांशको समुदायमा समान वितरण गरेर उनीहरुको आर्थिक जीवनस्तर उठाउनु रहेको भएतापनि यसको उद्देश्य अनुसार कार्य हुन नसकेकोले यसका कार्य प्रणालिको अध्ययन अनुसन्धानको धेरै आवश्यक रहेको छ । (मल्ल २००१) ।

प्यूठान जिल्लामा गरिएको ५ वर्षको अध्ययनबाट गरीव किसानहरुको कृषि उत्दानमा कमी आउनुका साथै उनीहरुको सामाजिक तथा आर्थिक अवस्थामा पनि कमि हुन आउनाको कारण उनीहरुलाई वन सम्पदाको उपभोगबाट वन्चित गराउनु रहेको बुझिएको छ (जेन्टल, २००२) ।

कुनै पनि सामुदायिक वनले गरीव तथा पिछडिएका उपभोक्ताहरुलाई वन पैदावारमा कुनै प्रकारको सहुलियत दिएको छैन । सबै उपभोक्ताहरुलाई एकै प्रकारको व्यवहार गरिन्छ जुन सामाजिक दृष्टिकोणले न्यायोचित होइन, यतिमात्र होइन उपभोक्ता समूहको कोषबाट संचालन गरिएको कतिपय सामाजिक विकासका कार्यहरु जस्तैः सिचाइको व्यवस्था, स्कूल, मन्दिर, आदिको प्रत्यक्ष लाभबाट गरीव, भूमिहीन लगायतका धेरै जसो उपभोक्ताहरु वन्चित हुने गरेको तथ्य अध्ययनबाट थाहा पाइएको छ (सिंह र नेपाल, २००२) ।

सामुदायिक वनमा उपभोक्ताहरुको पकड हुने कुरा सैद्धान्तिक रुपमा भएतापनि व्यवहारिक रुपमा समुदायका आइमाई अशिक्षित, गरीव तथा दलितहरु अझै आफ्नो अधिकार तथा उत्तरदायित्वबाट वन्चित रहेको पाइन्छ (यू.एन.डि.पि., १९९८) ।

सामुदायिक वन व्यवस्थापनमा समाजका हरेक व्यक्तिहरु संलग्न हुन सक्दछन । वनका वास्तविक उपभोक्ताहरु भनेका शिक्षक, नेता, कृषक, घाँसे, दाउरे जो पनि हुन सक्दछन । महिला, पुरुष, धनी, गरीव सबैलाई वन पैदावार उपभोग गर्ने अधिकार हुन्छ र वन व्यवस्थापनमा पनि सबैले हरेक निर्णयमा सहभागी हुनु पर्दछ तवमात्र सबैको बीचार भावना समेटिन सक्दछ (काफ्ले २०५२) ।

सामुदायिक वनमा, वन पैदावारको असमान वितरण प्रणाली तथा व्यवस्थापन पक्षको पक्षपातपूर्ण व्यवहारले गर्दा गरीव तथा असहाय व्यक्तिहरुको धारणा सामुदायिक वन प्रति नकारात्मक वन्दै गई रहेको छ (वार्टलेट, १९९२) ।

सामुदायिक वनले वनको संरक्षण तथा दिगो व्यवस्थापन गर्नमा सफलता प्राप्त गरेतापनि समुदायमा रहेको लैङ्गिक तथा असमान वितरण पद्धतिको समस्यालाई सम्बोधन गर्नु पर्ने अर्को चुनौतीको रुपमा देखा परेको छ (पोखरेलः २००२) ।

समुदायमा उच्च आर्थिक तथा सामाजिक हैसियत भएका व्यक्तिहरुको स्थानीय स्तरमा निर्णय प्रक्रियालाई प्रभावित पार्ने क्षमता भएको हुनाले गरीव, असहाय तथा सुविधा विहीनहरुको समस्यालाई सम्बोधन हुन सक्ने अवस्था धेरै न्यून हुने गर्दछ (लाफ्हेड,१९९४)।

सामुदायिक वनको दिगो व्यवस्थापनको मूख्य आधार नै वन पैदावार तथा लाभांशको समान वितरण र निर्णय प्रक्रिया भएकोले यसको अवहेलना गरेमा लक्ष्य अनुसारको वान्छित प्रतिफल प्राप्त गर्न सकिदैन (महर्जन, १९९८) ।

सामुदायिक वनको कोषको परिचालनबाट आय आर्जन भई गरीवहरुको जीवनस्तर उकास्न ठूलो सहयोग भएको छ । हालसम्म सामुदायिक वनको कोषबाट भएको कार्यहरुमा साना पुलेसाहरु, बाटो, खानेपानी, विद्युत, स्वास्थ्य, शिक्षा, पहिरो नियन्त्रण, वृक्षारोपण, नर्सरी

निर्माण गरी विरुवा उत्पादन तथा वितरण, विद्यालय निर्माण तथा संचालन, वातावरण सुधार, टेलिफोन सेवा, वनश्रोतमा आधारित उद्यमशीलताका साथै सहुलियत दरमा काठ र दाउरा विक्री वितरणले सामाजिक पूर्वाधारको साथै आय आर्जनमा समेत सहयोग पुगेको छ (कल्प वृक्ष, २०६३) ।

तराईतिर सामुदायिक वनमा सालको जंगललाई धनी वर्गको आवश्यकता अनुसार निर्माण कार्यमा प्रयोग गरिने काठ उत्पादन गर्ने उद्देश्यले व्यवस्थापन गरिने भएकोले वनमा आश्रित उपभोक्ताहरु आवश्यक वन पैदावारको उपयोगबाट वन्चित हुने गरेको पाइन्छ (किङ्ग, महर्जन र जेन्टल, २००२) ।

समुदायमा व्यक्तिहरुको आफ्नो हातमुख जोड्ने व्यवस्था अन्नबालीको लागि चाहिने पानीको मुहान, मलको स्रोत, दुध दिने गाई भैंसिको लागि घाँस, सोत्तरको भण्डार, पकाई तुल्याउने दाउराको कुन्यौ, विरामी पर्दा चाहिने जडिवुटी अनि आफ्नै घरबाँस, पुजाआजा र चिता समेतकोलागि काठ दाउरा दिने हाम्रो सामुदायिक वन कति आवश्यक होला (सा.व.उ.स. मूल्याङ्कन प्रतिवेदन, २०६४) ।

सामुदायिक वनको पहिलोपाटो वन सफल भएको देखिएकै छ । यसको दोस्रो पाटो समुदाय (विशेषगरी दलित र गरीव समुदाय) लाई फाइदा पुऱ्याउन सामुदायिक वन सम्बन्धी बुझाई यस सम्बन्धि नीति, नियम, योजना, परियोजना, काम गर्ने शैली र प्रकृयामा गरीवमुखी अवधारणा घुसाउन सकिएमा सामुदायिक वनको हालको आंशिक सफलतालाई पूर्णता दिन सकिन्छ (पोखरेल, २००२) ।

गोर्खा जिल्लाका ३१ वटा सामुदायिक वन उपभोक्ता समूहले नमूना कार्वन कोष अन्तरगत १८ लाख १६ हजार ४ सय ६ रुपैया पाएका छन् । कार्वन संचितीकरण वापत समुदायको लागि प्राप्त रकम नेपालमा नै यो पहिलो हो । उपभोक्ता समूहले वन संरक्षण कार्यक्रम अन्तरगत डढेलो नियन्त्रण, जागरण अभियान र बोट विरुवाको गोडमेल लगायतका काम गरेका थिए (कान्तिपुर ८ आषाढ २०६८) ।

दिगो वन व्यवस्थापनको सिद्धान्त अनुसार वन घना हुँदैमा वन व्यवस्थापन भएको हुदैन । त्यो वनलाई उपभोक्ता, समाज, तथा राष्ट्रले खोजे अनुसारको व्यवस्थापन गर्नु आजको आवश्यकता हो । देशको कुल वन क्षेत्रमा ६० प्रतिशत वन क्षेत्र, सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न सक्ने अवस्था छ (काफ्ले : २०५२) ।

नेपालको वन व्यवस्थापनमा परम्परा देखि नै जनताको प्रत्यक्ष संलग्नता हुदै आएको भएतापनि सरकारी तवरबाट यसको अपरिहार्यता राष्ट्रिय वन योजना २०३३ मा प्रतिविम्वित

भएको हो । सोहि योजना बमोजिम २०३५ सालमा वन ऐन २०१८ लाई संशोधन गरी वनको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय निकायलाई सुम्पने प्रकृया शुरु भएको थियो । यसरी शुरुवात गरिएको सहभागितामूलक वन व्यवस्थापनको अभ्यासमा प्राप्त अनुभव एवं सिकाईलाई आत्मसात गर्दै समयानुकुल नीतिगत परिवर्तन हुँदै आएको छ । वि.सं. २०४४ सालमा सम्पन्न पहिलो सामुदायिक वन राष्ट्रिय गोष्ठीले परम्परागत रुपमा वनको प्रयोग गर्दै आएका उपभोक्ताहरुको समूह वनाई वन हस्तान्तरण गर्नु पर्ने कुरा औंल्याएको थियो । पछि २०४६ सालमा बनेको वन विकास गुरु योजनाले सामुदायिक वनलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा राखी वन व्यवस्थापनमा जनसहभागिता हुनुपर्नेकुरामा जोड दिइयो ।

वन ऐन २०४९ र वन नियमावली २०५१ ले सामुदायिक वन उपभोक्ता समूहलाई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठीत संस्थाको रुपमा स्थापित गरी वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने जिम्मेवारी सुम्पेको छ । त्यस्तै सामुदायिक वन विकासमा सरकारी निकायको अतिरिक्त अन्य सरोकारवालाको भूमिका पहिचान गर्नुकासाथै गरीवी न्यूनिकरणमा सामुदायिक वनले योगदान पुऱ्याउन सक्दछ भन्ने नयाँ दृष्टिकोण अगाडि ल्यायो । दशौं पंचवर्षिय योजना र त्यसपछिको तीन वर्षिय अन्तरिम योजनाले वन श्रोतको संरक्षण, विकास र सदुपयोगबाट गरीवी न्यूनिकरणमा टेवा पुऱ्याउन सकिने कुरामा जोड दिएको छ (सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन-२०६५) सामुदायिक वनको वन पैदावार तथा आय वितरणमा समानता नपाउनुको प्रमुख कारण समाजमा विद्यमान सामाजिक, आर्थिक, शैक्षिक, जातिय, लैङ्गिक आदि भिन्नता नै हो यी कारणहरुले गर्दा समाजका ती पिछडिएका, गरीव, दलित तथा जनजाति र अशिक्षित वर्गमा जो आफ्नो जीविकोपार्जनको लागि वनमानै आश्रित हुन्छन, उनीहरुलाई वन पैदावारको वितरण तथा आयको प्रतिफल उपयोग गर्नमा पक्षपात गरिएको खण्डमा सामुदायिक वनले आफ्नो गरीवी निवारणको लक्ष्य प्राप्त गर्न सक्दैन । त्यसैले सामुदायिक वनको निर्दिष्ट उद्देश्य परिपूर्तिको लागि वनको व्यवस्थापन तथा वन पैदावार वितरण प्रकृयाको समुचित अध्ययन गरी यसमा देखापरेका समस्याहरुको निराकरण गर्न नितान्त आवश्यक छ ।

यो अध्ययनको उद्देश्य पनि सामुदायिक वनसँग सम्बन्धित जनजाति उपभोक्ताको जीवनस्तरमा सामुदायिक वनले पुऱ्याएको योगदानको मूल्याङ्कन गर्न र प्रतिफल समुदायमा समानताको आधारमा वितरण भए वा नभएको पत्ता लगाउने रहेको छ । यदि सामुदायिक वनको उद्देश्य विपरित वन पैदावारको असमान वितरण भईरहेको छ भने त्यसका कारणहरु पत्तालगाई वितरण प्रणालीमा आवश्यक सुधार ल्याउने सम्बन्धमा सुझाव प्रस्तुत गरिने छ ।

# अध्याय - तीन
# अनुसन्धान पद्धति

यस अध्यायमा अनुसन्धानमा अपनाईएका र प्रयोग गरिएका विधि, प्रकृया र उपकरणको व्याख्या गरिएको छ । प्रारम्भमा क्रमश : अनुसन्धान ढाँचा, अध्ययन क्षेत्रको छनौट, नमूना छनौट, तथ्याङ्कको प्रकृति र श्रोतको व्याख्या गरिएको छ भने त्यसपछि क्रमशः तथ्याङ्क संकलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण, अनुसन्धान आचारसंहिता एवं अध्ययनका सीमाहरु उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा अन्वेषणात्मक तथा वर्णनात्मक ढाँचाको उपयोग गरिएको छ । यस अनुसन्धानले मूलतः सामुदायिक वनले समाजमा खेलेको भूमिकासम्बन्धी तथ्यहरु संकलन, प्रस्तुतीकरण र विश्लेषणमा जोड दिएइको छ । वर्णनात्मक ढाँचालाई उपभोक्ताहरुको जीवनस्तरसँग सम्बन्धित तथ्यहरु जस्तो शिक्षा, बसोवास, परिवारको आकार, वनमा उपभोक्ताको पहुँच, सम्पत्तिको अवस्था लगायतका पक्षहरुमा जानकारी प्रस्तुत गर्न सहयोग लिइएको छ । त्यसै गरी वन र समाजबीचको सम्बन्ध, उपभोक्ताको भावनात्मक एवं मानवीय पक्ष र प्राकृतिक साधनश्रोतले पुऱ्याएको योगदानको खोजका लागि अन्वेषणात्मक विधिलाई उपयोग गरिएको छ । यस विधिले प्राप्त तथ्यहरु बीचमा वा घटनाहरु बीचमा रहेका कार्यकारण सम्बन्ध पत्ता लगाउन समेत सहयोग पुऱ्याएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट र यसको औचित्य

वन ऐन २०४९ र वन नियमावली २०५१ अनुसार वि.सं. २०५२ सालमा दर्ता भै समूहमा हस्तान्तरण भएको सुन्दर सामुदायिक वन मकवानपुर जिल्लाको एउटा सफल सामुदायिक वन हो । यो सामुदायिक वन हेटौंडा वजार देखि १ कि.मि. उत्तरमा त्रिभुवन राजपथको दायाँ बायाँ रहेको छ । यस सामुदायिक वनलाई अध्ययन क्षेत्र छनोट गर्नुको कारण निम्न अनुसार छ ।

- यस सामुदायिक वनका उपभोक्ताहरुको आर्थिक, सामाजिक तथा जातीय विविधताको विशेषता रहेकोले ।

- यस सामुदायिक वनले विकास, निर्माण र सामाजिक कार्यहरु जस्तो : बाटो घाटो पुलेसाहरु, मन्दिर, विद्यालय आदिमा खर्च गर्नुका साथै निःशुल्क खानेपानी वितरण गरी निम्न वर्गका उपभोक्ताहरुलाई समेत लाभ पुऱ्याइरहेकोले ।
- यस सामुदायिक वनका उपभोक्ताहरु हेटौंडा नगरपालिका वडा नं. १ र २ को चौकिटोलमा मात्र फैलिएको हुँदा अनुसन्धानकर्तालाई अध्ययन क्षेत्रमा तथ्याङ्क संकलन कार्यमा, आर्थिक दृष्टिले समेत सुविधाजनक हुने भएकाले ।

यस प्रकार यस सामुदायिक वन अनुसन्धान कर्ताको लागि सुविधाजनक भएको, हालसम्म यही प्रकृतिका अध्ययनहरु भएको नपाइएको र उत्कृष्ट कार्यसम्पादनको चर्चामा रहेकोले यस सामुदायिक वन र यससँग सम्बन्धित उपभोक्ताहरुलाई अध्ययन क्षेत्रको रुपमा समावेश गरिएको हो ।

## ३.३ समग्रता र नमूना छनोट विधि

नेपालका विभिन्न सामुदायिक वन मध्ये हेटौंडा स्थित सुन्दर सामुदायिक वन यस अध्ययनको समग्रता हो भने त्यस अन्तरगतका जनजाति उपभोक्ताहरु यस अध्ययनका एकाई हुन । यस अध्ययन क्षेत्रमा जम्मा १७७ घरधुरी सामुदायिक वन उपभोक्ता रहेका छन् । जसमध्ये जनजातिको घरधुरी ९१ रहेको छ । नमूना छनोटको लागि दैविक संभावनायुक्त नमूना छनोट विधिको प्रयोग गरिएको छ । जसमा ५० घरधुरीलाई नमूनाको रुपमा छानिएको छ । यो जम्मा जनसंख्याको करिव २८% रहेको छ । अनुसन्धानकर्ता आफैं अनुसन्धान क्षेत्रमा गई उत्तरदाताहरुसँग अन्तरवार्ता, अवलोकन र लक्षित समूहसँग छलफल गरी अनुसन्धानको लागि आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

शोधकार्य तथ्याङ्कको विश्वसनीयतामा निर्भर रहन्छ । त्यसैले यस अनुसन्धानमा गुणात्मक तथा संख्यात्मक दुवै प्रकारका तथ्याङ्कहरुको प्रयोग गरिएको छ । यसै गरी स्रोतका दृष्टिले पनि दुवै प्राथमिक तथा द्वितीय श्रोतको उपयोग गरिएको छ । गुणात्मक प्रकृतिका तथ्याङ्कहरु उपभोक्ताको मनोवृत्ति, चेतनास्तर, सांस्कृतिक सम्बन्ध, अन्तरक्रिया जस्ता जटील र अमूर्त विषयको अध्ययन गर्न प्रयोग भएका छन् भने संख्यात्मक प्रकृतिका तथ्याङ्कहरु लिङ्ग, उमेर, आयव्यय जस्ता सांख्यिकीय चलहरु व्याख्या गर्न प्रयोग गरिएका छन् ।

प्राथमिक तथ्याङ्क प्रत्यक्ष अन्तरवार्ता, अवलोकन र समूह छलफल विधिबाट लिइएको छ भने द्वितीय तथ्याङ्क वन विभागका आधिकारिक जानकारी, जिल्ला वन कार्यालयले प्रकाशित गर्ने जानकारी, विभिन्न लेख रचना, पत्रपत्रिका, जर्नल र पुस्तकहरुबाट संकलन गरिएको छ । प्राथमिक र द्वितीय स्रोतका तथ्याङ्कका सम्बन्धमा तल छुट्टा छुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

### ३.४.१ प्राथमिक तथ्याङ्कको स्रोत

अनुसन्धान कार्यको लागि आवश्यक सामाग्री तथा तथ्याङ्क संकलनकार्य शोधकर्ता स्वयं अध्ययन क्षेत्रमा गएर गरिएको छ । जसमा अन्तरवार्ता, अवलोकन, मूख्य जानकार व्यक्तिहरुसँगको छलफल र लक्षित समूहसँगको छलफलबाट आएको निश्कर्षलाई आवश्यकता अनुसार प्राथमिक तथ्याङ्कको रुपमा प्रयोग गरिएको छ ।

### ३.४.२ द्वितीय तथ्याङ्कको स्रोत :

यस अनुसन्धान कार्य प्राथमिक स्रोतको तथ्याङ्कबाट मात्र पूर्ण गर्न नसकिने भएकोले आवश्यकता अनुसार द्वितीय स्रोतहरुलाई पनि समावेश गराइएको छ । पुस्तक, विद्वान तथा लेखकहरुद्वारा प्रकाशित लेख रचना, सरकारी तथा नीजिश्रोतबाट प्रकाशित पत्रिकाहरु, सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुबाट प्रकाशित बुलेटीनहरुकासाथै विभिन्न अनुसन्धान कृतिहरुलाई समेत द्वितीय श्रोतका रुपमा उपयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधि र तरिकाहरु

अनुसन्धान कार्यको योजना तयार भई सकेपछि र नमूना छनोट भइसकेपछि अनुसन्धानको विषय बस्तु, उद्देश्य, समस्या, अध्ययन क्षेत्रको अवस्था, अनुसन्धान कर्ताको क्षमता र उपलब्ध स्रोत साधनलाई ध्यानमा राखेर अन्तरवार्ता, अवलोकन, सामूहिक छलफल र जानकार व्यक्तिहरुसँगको अन्तरवार्ता जस्ता बहुप्रचलित विधिहरुको प्रयोग गरेर तथ्याङ्क संकलन गरिएको छ । कतिपय अवस्थामा अर्ध-सहभागी अनुसन्धान विधिको उपयोग गरी सूचनादातासँग सहसम्बन्ध कायम गर्दै तथ्यहरु संकलन गरिएको छ । यस अध्ययनमा प्रयोगमा ल्याइएका मुख्य विधि तथा तरिकाहरुलाई निम्न शीर्षकहरुमा अलग अलग प्रस्तुत गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता

सामाजिक अनुसन्धानको क्षेत्रमा अन्तरवार्ता तथ्याङ्क संकलनको एक महत्वपूर्ण प्रविधिको रुपमा परिचित छ । यस अध्ययनमा अन्तरवार्ता भनेको शोधकर्ता र सूचनादाता बीचको प्रत्यक्ष उद्देश्यपूर्ण र व्यवस्थित कुराकानी वा सवाल जवाफ हो । गुणात्मक एवं संख्यात्मक दुवै तथ्याङ्क संकलनको लागि संरचित प्रश्नावलीको प्रयोग गरी अन्तरवार्ता लिइएको छ । अन्तरवार्ता प्रश्नावली अनुसूची १ मा समावेश गरिएको छ ।

### ३.५.२ अवलोकन

सामाजिक अनुसन्धानको क्षेत्रमा अवलोकन तथ्याङ्क वा सूचना सङ्कलन गर्नको लागि अपनाइने एक महत्वपूर्ण तरिका हो । सामाजिक अनुसन्धानमा अवलोकनलाई एक यस्तो अर्थपूर्ण हेराई वा निरीक्षणको रुपमा लिइन्छ जसबाट शोधकर्ता आफ्नो शोध समस्या सँग सम्बन्धित तथ्य वा सूचना प्राप्त गर्न समर्थ हुन्छ । यसैले यस अनुसन्धानमा शोधकर्ता अध्ययन क्षेत्रमा आफै उपस्थितभई सूचना वा तथ्याङ्क संकलन गरिएको छ । उत्तरदाताले उत्तरदिन आनाकानी गर्ने, तथ्यलाई वङ्ग्याउने र शब्दमा व्यक्त गर्दा विस्तारपूर्वक नसमेटिएका विषयमा तथ्य संकलन गर्न अवलोकन विधिलाई प्रयोग गरिएको छ ।

### ३.५.३ मुख्य जानकार व्यक्तिहरुसँग छलफल

स्थानीय राजनैतिक कार्यकर्ता, स्कूलका शिक्षकहरु र वन समितिका पदाधिकारीहरुसँग वन पैदावार वितरण तथा लाभांश उपभोग सम्बन्धमा अपनाउने विधि तथा यस अन्तरगत देखा पर्ने विभिन्न बाधा अडचन आदिको बारेमा विस्तृत छलफल गरिएको छ । संरक्षित वनले उपभोक्तालाई दिएको योगदानका सम्बन्धमा मुख्य जानकार व्यक्तिहरुलाई सोधिएका प्रश्नहरुको सूची अनुसूची-२ मा संलग्न गरिएको छ ।

### ३.५.४ लक्षित समूहसँग छलफल

सामुदायिक वनको मूख्य उद्देश्य वन जंगललाई संरक्षण, सर्म्बधन गर्नुका साथै यसबाट प्राप्त आम्दानीले सम्बन्धित क्षेत्रका मानिसहरुको गरीवी न्यूनीकरण गर्नु यसको मर्म हो । अतः यस सुन्दर सामुदायिक वनले जनजाति समुदायमा पारेको प्रभाव सम्बन्धमा सोही समूहका सदस्यहरुसंग छलफल गरिएको छ । जसबाट ती समूहका सदस्यहरुको बीचार संकलन गरी अन्तरवार्ताको क्रममा आएका तथ्याङ्कलाई तुलना गर्दै सही तथ्याङ्क निरुपण गरिएको छ ।

## ३.६ तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुतीकरण

अध्ययनको उद्देश्य अनुसार संकलन गरिएका तथ्याङ्कहरु जसलाई अर्थपूर्ण बनाउनको लागि व्यवस्थित रुपमा सांकेतीकरण, वर्गीकरण एवं तालिकीकरण गरी विश्लेषण गरिएको छ । आवश्यकता अनुसार तालिकीकरण, प्रतिशत जस्ता साधारण तथ्याङ्कीय विधिहरुको उपयोग गरिएको छ ।

## ३.७. अनुसन्धान आचारसंहिता

अध्ययनका क्रममा पूर्वाग्रहलाई न्यूनीकरण गरी अनुसन्धानमा प्राप्त तथ्याङ्कको बैधता र विश्वसनीयता वृद्धि गर्न निम्नानुसारको आचारसंहिता एवं नैतिकतालाई अपनाइएको छ ।

- अनुसन्धानका क्रममा अन्तरवार्ता दिने र अन्य सूचना दिने व्यक्तिहरुको निजी तथा वैयक्तिक सम्बन्धमा असर नपरोस् भनी वैयक्तिक गोपनीयतालाई विशेष ध्यान दिइएको छ ।
- अध्ययनको क्रममा उत्तरदाता वा सूचनादातालाई अध्ययनको उद्देश्य स्पष्ट पारिएको छ । साथै उनीहरुलाई प्रलोभनमा पार्ने कार्य गरिएको छैन ।
- सूचनादातालाई जवरजस्ती दवावमा नपारी सकेसम्म उत्प्रेरित गर्दै सूचना संकलन गरिएको छ ।
- प्राप्त तथ्याङ्कको दुरुपयोग नगरी निश्चित अनुसन्धान उद्देश्यको लागि मात्र उपयोगमा ल्याइएको छ ।

## ३.८ अध्ययनको सीमा

यस अध्ययनमा सामुदायिक वनले जनजाति उपभोक्ताको आर्थिक, सामाजिक पक्षमा पारेको सकरात्मक एवं नकारात्मक पक्षहरुको बारेमा अध्ययन गरिएको छ । यो अध्ययनमा रहेका सीमाहरुलाई निम्न बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

- यो अध्ययन खास गरी समाजशास्त्र मानवशास्त्र स्नातकोस्तर तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनकोलागि सम्पन्न गरिएको हो ।
- यस अध्ययनमा विशेषगरी अन्तरवार्ता, अवलोकन र समूह छलफल विधिमात्र प्रयोग गरिएको छ ।

- यस अध्ययनमा अध्ययन क्षेत्रका १७७ घरधुरी मध्ये ५० घरधुरी मूलीहरुलाई मात्र उत्तरदाताको रुपमा छनौट गरिएको छ ।
- सीमित क्षेत्रको सीमित नमूना लिएर सामुदायिक वनले पारेको प्रभाव सम्बन्धी सवालमा मात्र निष्कर्ष निकालिएको हुनाले यसलाई पुरै नेपालका सामुदायिक वनका उपभोक्ताहरुको हकमा सामान्यीकरण गर्न सकिदैन ।
- यो अध्ययन हेटौंडा नगरपालिका वडा नं. १ र २ चौकिटोल स्थित सुन्दर सामुदायिक वनका जनजाति उपभोक्तामा सीमित रहको छ ।

# अध्याय- चार
# अध्ययन क्षेत्रको परिचय

देशको मध्यमाञ्चल विकास क्षेत्र अन्तरगत नारायणी अंचलमा मकवानपुर जिल्ला पर्दछ । यस जिल्लामा ४३ वटा गा.वि.स. र एउटा नगरपालिका रहेको छ । यस जिल्लाको सदर मुकाम एवं अंचलको प्रमुख प्रशासनिक कार्यालयहरु रहेको हेटौंडा नगरपालिका ११ वडामा विभाजित छ । यसै हेटौंडा नगरपालिकाको वडा नं. १ र २ को चौकिटोलमा सुन्दर सामुदायिक वन फैलिएको छ ।

## ४.१ मकवानपुर जिल्लाको सामान्य परिचय

नेपालको ७५ जिल्ला मध्ये नारायणी अंचलभित्रको एउटा जिल्ला मकवानपुर हो । अधिकांश भाग पहाडी, केही भाग चुरे र महाभारत बीच भित्री मधेशको रुपमा रहेको क्षेत्र हो । यसको कूल क्षेत्रफल २४२६ वर्ग कि.मि. रहेको छ । उत्तरतर्फ करिव ६६ कि.मि. लामो महाभारत र दक्षिण तर्फ ९२ कि.मि. लामो चुरे पर्वत रहेको छ । यस जिल्लाको उत्तरी क्षेत्रमा शिशिर याममा हिउँ जम्ने समुन्द्र सतह देखि २५८८ मिटर सम्मको उच्च भाग रहेको छ भने दक्षिणमा १६६ मिटर सम्मको होचो भूभाग रहेको छ । यस जिल्लाको उचाईको विविधताले हावा पानी र वनस्पतीमा पनि विविधता रहेको पाइन्छ । यस जिल्लामा खेती योग्य समथर जमिन कम छ । पाखो जमिनमा तरकारी, फलफूल र अन्नवालीमा मकैं, कोदो, भटमास, गहुँ आदिको खेती हुन्छ भने बेसी र फाँटहरुमा धान, गहुँ, मकैको साथै तरकारी खेति गरिन्छ । यस जिल्लामा कृषियोग्य जमिन २५ प्रतिशत र वनक्षेत्र ५९.१४ प्रतिशत रहेको छ । यस जिल्लाको उच्च भागमा शितोष्ण, समशितोष्ण हावापानी पाइन्छ भने होचो भागमा उष्ण हावापानी पाइन्छ । हिउँदमा लगभग १६ डिग्री सेल्सियस तापक्रम हुन्छ भने गर्मीमा ३५.५ सेल्सियस सम्मको तापक्रमको रेकर्ड रहेको छ । यस जिल्लाको पूर्वमा ललितपुर, काभ्रे र सिन्धुली, पश्चिममा चितवन, उत्तरमा धादिङ्ग र काठमाण्डौं, दक्षिणमा बारा, पर्सा र रौतहट रहेका छन् । यस जिल्लाका मुख्य नदीहरुमा राप्ती, वागमती, लोथर, मनहरी, कर्रा र सामरी हुन । वागमती नदी पूर्व सीमानाको नदी हो भने लोथर नदी पश्चिम सीमानाको नदी हो । मानव निर्मित इन्द्र सरोवर ताल यस जिल्लाको एक मात्र ताल हो । तामाङ्ग जातिको वाहुल्यता रहेको यस जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार, मगर, दनुवार, कामी, दमाई र पिछडिएका जाति चेपाङ्ग, वनकरियाको साथै नगर क्षेत्रमा तराई समूदायका जातिका साथै मुसलमानहरुको पनि उल्लेखनीय उपस्थिति रहेको छ । विभिन्न धर्म संस्कृति, परम्परा,

चाडपर्व एवं विविध संस्कार र सामाजिक रहन सहन बीचको विविधताभित्र सहिस्णुता कायम भई आएको यस जिल्लावासी बीच सुमधुर सम्बन्ध रहेको पाइन्छ ।

गैर कृषि पेशामा जिल्लावासीको आकर्षण वढेको भएता पनि कृषि पेशा नै यहाँका वासिन्दाको मुख्य व्यवसाय हो । ८२.७ प्रतिशत जनता कृषि व्यवसायमा संलग्न रहेको पाईन्छ । गरीवीकै कारण उपलब्ध श्रोतसाधनमा पहुँच नहुदा जिल्लाको दुर्गम भेगमा सिमित रहन बाध्य वासिन्दाहरुको जीवनशैली निकै कष्टकर रहेको छ भने त्यसमध्ये पनि दलित, जनजाति, पिछडिएका र महिलाहरुको अवस्था अझ कष्टकर रहेको पाइन्छ (श्रोत : जि.वि.स. मकवानपुर २०६४) ।

## ४.२ हेटौडा नगरपालिकाको परिचय

नारायणी अंचल मकवानपुर जिल्लाको सदरमुकामका रुपमा रहेको हेटौंडा जिल्ला कै एक मात्र नगरपालिका हो । यस नगरपालिकाको स्थापना वि.सं २०२६ सालमा भएको हो । यस नगरपालिकालाई ११ वडामा विभाजन गरिएको छ । भौतिक विकासको गतिमा अगाडि बढिरहेको हेटौंडा अधिराज्यका दुई राष्ट्रिय राजमार्ग पूर्व पश्चिम राजमार्ग र त्रिभुवन राजपथको संगम स्थलमा अवस्थित यो हेटौंडा नगरपालिका औद्योगिक नगरको रुपमा पनि परिचित छ (स्रोत : हे.न.पा. स्मारिका २०६४) ।

### ४.२.१ भौगोलिक अवस्था

समुन्द्र सतहबाट ३०० मिटर देखि ३९० मिटर उचाइमा रहेको यस नगरको क्षेत्रफल ४४.५० वर्ग किलोमिटर छ । यहाँको हावापानी उष्ण समशीतोष्ण रहेको छ । यस नगरको सिमाना उत्तरमा भैंसे र मकवानपुर गढी गा.वि.स., दक्षिणमा चुरियामाई र पदमपोखरी गा.वि.स., पूर्वमा हटिया गा.वि.स. र पश्चिममा बसामाडी गा.वि.स. रहेका छन् । यस नगरको कुल क्षेत्रफलमध्ये वनक्षेत्र २३ प्रतिशत, कृषिक्षेत्र ४५ प्रतिशत, नदी तथा वगर ४ प्रतिशत, शहरी क्षेत्र ७ प्रतिशत, आवासिय क्षेत्र ११ प्रतिशत र औद्योगिक क्षेत्रले १० प्रतिशत भू-भाग ओगटेको छ । यहाँको माटो खैरो, फुस्रो, नदीकिनारामा वलौटे पाँगो र चुरे काखमा वलौटे (ग्रेभल मिसिएको) पाइन्छ । यस नगरको मुख्य नदीहरुमा राप्ती, कर्रा, कुखुरेनी र सामरी रहेका छन् (श्रोत : हे.न.पा. स्मारिका २०६४) । यस नगरको उत्तर, उत्तर पश्चिम र उत्तर पूर्वमा वडा नं. १ र २ फैलिएको छ । यी वडाहरुमा नगरका अन्य वडाहरुको दाँजोमा वन क्षेत्र बढीनै रहेको पाइन्छ र यसै वनक्षेत्र मध्येको सुन्दर सामुदायिक वन पनि एक हो (स्रोत : हे.न.पा. स्मारिका २०६४) ।

### ४.२.२ वातावरण तथा स्वास्थ्य सुविधा

नगरको औद्योगिक क्षेत्र र शहरीक्षेत्र बीचको दुरी धेरै नभएकोले दिन प्रतिदिन वातावरण प्रदुषित हुँदै गएको अवस्था छ। तर पनि कूल क्षेत्रफलको २३ प्रतिशत वनक्षेत्र, ४५ प्रतिशत कृषिक्षेत्र, १० प्रतिशत औद्योगिक क्षेत्र र ७ प्रतिशत मात्र शहरीक्षेत्र भई वन तथा कृषि क्षेत्रले यस नगरको धेरै भाग ओगटेकोले यहाँको मानविय र प्राकृतिक वातावरणलाई सन्तुलन राख्न मद्दत गरेको छ। त्यसैगरी यस नगरको स्वास्थ्यको अवस्था मध्यम स्तरको रहको छ। यहाँ ठूला अस्पताल र स्वास्थ्य परिक्षणको लागि विस्तारित विशिष्ट संस्थाहरु छैनन्। ठूला रोगहरुको उपचार गर्न विरगंज, भरतपुर तथा काठमाण्डौं जानुपर्ने वाध्यता रहेको छ। यस क्षेत्रमा क्षेत्रीय अस्पतालको अवधारणा अनुसार विकास हुँदै आएको सरकारी अस्पताल एक, अंचल आयुर्वेदिक औषधालय एक, सामुदायिक अस्पताल दुई, आँखा अस्पताल एक छन् भने निजी स्तरका विभिन्न क्लिनिक तथा सामुदायिक स्वास्थ्य केन्द्रहरु पनि रहेका छन् (श्रोत : हे.न.पा. स्मारिका २०६४)।

### ४.२.३ जनसंख्या

वि.सं. २०५८ को जनगणना अनुसार पुरुष ३५३२० र महिला ३३१६२ गरी जम्मा ६८४८२ रहेको पाइन्छ। हाल केहि वर्ष यता तराई क्षेत्रको विषय परिस्थितिले गर्दा बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, सर्लाही आदि जिल्लाहरुबाट बसाई सराईको कारणले यस नगरको जनसंख्या अत्याधिक रुपमा बढ्दै गएको पाइन्छ। हाल यस नगरको जनसंख्या करिव १ लाख २५ हजार पुगेको अनुमान छ। यस नगरमा जम्मा घरधुरी संख्या १४२७१ रहेको छ। भने वार्षिक जनसंख्या वृद्धिदर ४.५१ प्रतिशत रहेको छ (स्रोत : हे.न.पा. स्मारिका २०६४)।

**तालिका नं. १**

**हेटौंडा नगरपालिकाको वडागत घरधुरी संख्या तथा लिङ्गगत जनसंख्या**

| वडा | जम्मा घर धुरी | महिला | पुरुष | जम्मा जनसंख्या |
|---|---|---|---|---|
| १ | १००८ | २४३४ | २६४२ | ५०७६ |
| २ | १३६२ | २७८५ | ३०६६ | ५८५१ |
| ३ | ५१५ | १३९३ | १५०४ | २८९७ |
| ४ | २४०२ | ५१९९ | ५६४७ | १०८४६ |
| ५ | १६०४ | ३८५० | ४०७४ | ७९२४ |
| ६ | ९५७ | २७२६ | २७०५ | ५४३१ |
| ७ | ७६७ | १९९५ | २००९ | ४००४ |
| ८ | ११९७ | २८९२ | २९४७ | ५८३९ |
| ९ | १९३९ | ४२२२ | ४५२४ | ८७४६ |
| १० | १३८७ | २८३८ | ३२६५ | ६१०३ |
| ११ | ११३३ | २८२८ | २९३७ | ५७६५ |
| | १४२७१ | ३३१६२ | ३५३२० | ६८४८२ |

(श्रोत : हे.न.पा. स्मारिका-२०६४)

उपरोक्त तालिका अनुसार ११ वडा रहेको नगरपालिकामा सबभन्दा बढी घरधुरी २४०२ वडा नं. ४ मा रहेको छ भने सवभन्दा कम ५१५ घरधुरी वडा नं. ३ मा रहेको पाइन्छ । तालिका अनुसार वडा नं. ६ बाहेक अन्य वडाहरुमा महिलाभन्दा पूरुषको जनसंख्या केहिमात्रामा बढि नै रहेका पाइन्छ भने सम्पूर्ण ११ वडाको जनसंख्या जोड्दापनि पुरुषको संख्या महिलाको भन्दा २१५८ बढि नै रहेको पाइन्छ ।

### ४.२.४ सडक

यस नगरको कूल क्षेत्रफल ४४.५० वर्ग कि.मि. रहेको छ । जस अन्तरगत कालो पत्रेसडक ५७.६२ कि.मि. (जसमा १३ कि.मि. राजमार्ग रहेको), कंक्रिट स्लाव सडक १२.५५ कि.मि. ग्राभेल सडक ४८.४५ कि.मि., कच्ची सडक ७० कि.मि. र गोरेटो बाटो २९ कि.मि. रहेको छ ।

यस नगरपालिकामा आफ्नो सीमित श्रोत र साधनको बावजुत विकास निर्माणका कार्यमा दिन प्रतिदिन प्रगति हुँदै गइरहेको छ । देशका अन्य नगरपालिकाको तुलनामा यस नगरको सडक विकासको अवस्था राम्रो मान्न सकिन्छ । केहि वर्षयता देखि नगरपालिका तथा स्थानिय जनसहभागितामा कालोपत्र सडक, कंक्रिट सडक तथा ढल निर्माणको कार्य

भइरहेको छ । नेपाल अधिराज्यभरमा नै हेटौंडा नगर कंक्रिट सडक निर्माणमा अग्रणी रहेको पाउदछौ । केहि वर्ष यतादेखि यस नगरको भित्रि कच्ची सडकहरु कंक्रिट सडकको रुपमा रुपान्तरित हुँदै आइरहेको पाउदछौ (श्रोत : हे.न.पा. स्मारिका २०६४) ।

### ४.२.५ शैक्षिक अवस्था

शिक्षा विकासको पूर्वाधार हो । मानवीय विकासको महत्वपूर्ण सूचकको रुपमा शिक्षा रहेको हुन्छ । कुनै पनि स्थान, क्षेत्र र राष्ट्रको सामाजिक तथा आर्थिक विकासको अवस्था जनताको शीप, योग्यता र क्षमताको आधारमा तय हुन्छ ।

यस नगरको उच्च शिक्षाको लागि मकवानपुर बहुमुखी क्याम्पस सबभन्दा पुरानो सामुदायिक क्याम्पस हो । त्रिभुवन विश्वविद्यालयसँग आवद्ध यो क्याम्पसले २०३७ सालमा शुरुहुदा वाणिज्य विषयमा प्रमाणपत्रतहको अध्ययनबाट शुरुगरेकोमा हाल यस क्याम्पसमा विज्ञान विषयमा स्नातक, वाणिज्य र मानविकी तथा समाजशास्त्र अन्तरगत समाजशास्त्र/मानवशास्त्र विषयमा स्नातकोत्तर तह सम्मको जनशक्ति उत्पादन गर्दै आइरहेको छ ।

**तालिका नं. २**

**शैक्षिक संस्थाको विवरण**

| शैक्षिक संस्था | सरकारी | नीजि | सामुदायिक | जम्मा |
|---|---|---|---|---|
| प्राथमिक | १२ | २२ | १ | ३५ |
| निम्न माध्यमिक | ३ | २ | १ | ६ |
| माध्यमिक | ५ | १२ | १ | १८ |
| उच्च माध्यमिक | ५ | २ | – | ७ |
| क्याम्पस | १ | २ | ३ | ६ |
| **जम्मा** | २६ | ४० | ६ | ७२ |

(श्रोत : हे.न.पा. स्मारिका २०६४)

शहरी क्षेत्रमा निजी शिक्षाको होडवाजी चलेकोले सरकारी भन्दा निजी स्तरका (प्राथमिक देखि माध्यमिक सम्म) बढी विद्यालय रहेको पाइन्छ । सामुदायिक विद्यालय र सरकारी विद्यालयको भौतिक पूर्वाधारमा अपेक्षित विकास नभएको कारणले निम्न वर्गका विद्यार्थीले मात्र अध्ययन गर्ने थलोको रुपमा लिने गरेका पाइन्छ । यो कुरा त्यहाँका विद्यार्थीको स्वास्थ्य, लबाई, अनुशासन र व्यवहार हेर्दा प्रष्ट हुन्छ ।  निजी क्षेत्रका विद्यालयमा उच्च र मध्यम वर्गका विद्यार्थीहरु पढाईने हुँदा प्रष्ट सँग वर्गीय विभाजनको आधार शैक्षिक संस्थामा देख्न सकिन्छ । वनविज्ञान अध्ययन संस्थान यस नगरको एक मात्र सरकारी क्याम्पस र जेठो

क्याम्पस पनि हो । यहाँ अन्य प्राविधिक शिक्षा आर्जनको लागि प्राविधिक शिक्षालयहरु नभएतापनि हालको अवस्थामा साधारण विषयको उच्च शिक्षा हासिल गर्न अन्य शहरहरुमा जानुपर्ने अवस्थाबाट भने मुक्ति मिलेको छ । बढी भन्दा बढी विद्यार्थीले उच्च शिक्षा हासिल गर्न सकुन भन्ने उद्देश्यले निजी तथा सामुदायिक क्याम्पसहरुले विहान, दिउँसो र बेलुकी समेत कक्षा संचालन गरिरहेको पाइन्छ । यस नगरका धेरै जसो विद्यालय र क्याम्पसहरुको आफ्नै भवन छ जुन स्तरीय र सुविधायुक्त पनि छ । यहाँका विद्यालय र क्याम्पसहरुको परिक्षाको परिणाम संख्यात्मक र गुणात्मक रुपमा सन्तोषजनकनै रहेको पाइन्छ ।

### ४.२.६ धार्मिक अवस्था

धर्म भनेको आध्यात्मीक शक्ति माथिको विश्वास हो । धर्म एउटा सामाजिक संस्कार पनि हो । कुनै पनि समाज धर्म वा धार्मिक मूल्य मान्यताबाट पृथक रहन सक्दैन । त्यसकारण यस अध्ययनमा नगरक्षेत्र भित्र रहेका विभिन्न धर्म मान्ने मानिसहरुको विवरणात्मक अवस्था तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३**

**धार्मिक विवरण**

| धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ५८४०६ | ८५.२९ |
| बौद्ध | ८३६४ | १२.२१ |
| ईस्लाम | १०७८ | १.५७ |
| इसाई | ४७० | ०.६९ |
| किराँत | ४१ | ०.०६ |
| जैन | १४ | ०.०२ |
| शिख | २ | ०.००३ |
| अन्य | १०७ | ०.१६ |
| **जम्मा** | **६८४८२** | **१००** |

(श्रोत : के.त.वि. २०५८ जनगणना)

यस क्षेत्रमा हिन्दु धर्मावलम्वीहरुको वाहुल्यता रहेको पाइन्छ भने वौद्ध धर्मावलम्वी समुदाय पनि प्रशस्तै रहेका छन् । यस क्षेत्रमा हिन्दुहरु हिन्दुशास्त्र अनुसार जन्म, मृत्यु, विवाह र अन्य संस्कारहरु मान्ने गर्दछन् । यसैगरी  वौद्धमार्गी समुदायमा वौद्ध ग्रन्थ वा धर्मपदका आधारमा विभिन्न संस्कार पद्धति रहेका हुन्छ । वैवाहिक कार्यमा हिन्दूधर्मको केहि प्रभाव परेपनि केटा पक्षले केटी पक्षको चित्त बुझाई विवाह गर्ने प्रचलन छ । ईस्लाम धर्मावलम्वी

कट्टर हुन्छन् । विभिन्न ईद, वकरिद मान्ने र मुर्तिपूजा नगर्ने यो समुदायको मान्यता छ । त्यसैगरी क्रिश्चियन धर्म मान्ने समुदायमा धार्मिक कट्टरता नभई विश्वासमा विभिन्न कार्य तथा मूल्य मान्यता राख्ने गरेको पाइन्छ । चाडपर्व र संस्कारहरुमा कम खर्च हुने र जातीपातीको भेदभाव नहुने भएको कारणले हिन्दू धर्म मान्ने तल्लो जातका भनिएको व्यक्तिहरु इसाई धर्ममा प्रवेश गर्दै गएको पाइन्छ । जसको कारण इसाई धर्म मान्नेहरुको संख्या हाल आएर बढ्दै गएको पाइन्छ ।

### ४.२.७ औद्योगिक अवस्था

उद्योग तथा औद्योगिक क्रियाकलापले आर्थिक अवस्थाको पहिचान दिने गर्दछन् । बढि जनशक्ति औद्योगिक क्रियाकलापमा संलग्न रहेको मुलुक तथा  क्षेत्रको आम्दानीको स्तर उच्च हुन्छ र स्तरीय जीवन शैलिको विकास भएको हुन्छ ।

यस नगरको दक्षिणपट्टीको चुरे पर्वत श्रेणीको उत्तरी काखमा रहेको क्षेत्रलाई तत्कालिन मानववस्ती वा जनघनत्व नभएको  अवस्थामा नै औद्योगिक क्षेत्रको रुपमा स्थापना गरिएको पाइन्छ ।  यो क्षेत्रमा सर्वप्रथम वि.सं. २०२४ सालमा नेपाल टोवाको कंपनी प्रा.लि. स्थापना भएको थियो । हाल यस क्षेत्रमा खासगरी पेन्टस, सर्फ, साबुन, सेम्पो, टुथपेष्ट, वनस्पति घ्यू, प्याकेजिङ्गका सामान, दुग्ध जन्य पदार्थ चुरोट, खाद्यसामाग्री, काष्ठ सामाग्री, कपडा, निर्माण सामाग्रीको उत्पादन गर्ने उद्योगको साथै वर्कसप, बैंक आदि समेत रहेका छन् ।  हाल नेपालको प्रमूख औद्योगिक क्षेत्रमध्ये हेटौंडा औद्योगिक क्षेत्र पनि एक हो ।

वि.सं. २०५९ सालको औद्योगिक गणना तथा हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको तथ्याङ्कअनुसार औद्योगिक क्षेत्रमा ५५ वटा उद्योगहरु रहेका छन् । जसमध्ये जग्गा सम्झौता भएको १, निर्माणाधीन, ३ वन्द रहेका उद्योग संख्या १८ छ भने जम्मा ३३ वटा उद्योगहरु मात्र संचालनमा रहेका छन् । यस औद्योगिक क्षेत्रको साथै बाहिर अन्य स्थानमा रहेका उद्योगहरु समेत गरी यस क्षेत्रमा ४१ ठूलो उद्योगहरु रहेका छन् । औद्योगिक क्षेत्रभन्दा बाहिर रहेका प्रमुख उद्योगमध्ये हेटौंडा सिमेण्ट उद्योग सरकारी स्तरबाट संचालित हेटौंडाकै सबैभन्दा ठूलो उद्योग हो । यो उद्योग नगरको वडा नं. ९ मा अवस्थित छ । त्यस्तै निजी स्तरमा संचालित वहुराष्ट्रिय कंपनि नेपाल लिभर लि. पनि औद्योगिक क्षेत्रभन्दा बाहिर रहेको उद्योग हो । यो उद्योग निजीस्तरबाट संचालित यस क्षेत्रकै सबैभन्दा ठूलो उद्योग हो । यस औद्योगिक क्षेत्रको बन्द उद्योगहरुमध्ये सरकारी स्तरको हेटौंडा कपडा उद्योग लि. यस क्षेत्रको धेरैलाई रोजगारी दिने साथै देशको सुतिकपडा आयातमा प्रतिस्थापना गरीरहेकै अवस्थामा उत्पादित सामानको न्यून गुणस्तर हुनाको साथै राजनैतिक हस्तक्षेप र

मजदुरहरुको हडतालको कारणले बन्द हुन गएको छ । मुलुकको राजनैतिक, आर्थिक एवं औद्योगिक अवस्था प्रतिकुल रहेको अवस्थामा पनि यस औद्योगिक क्षेत्रमा उद्योग स्थापनाको क्रम बढी रहको छ । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको अनुसार हाल यसक्षेत्रमा स्थापित उद्योग प्रतिष्ठानको संख्या ९९ पुगेको छ । यसरी उद्योग स्थापनाको संख्या बढ्नुमा यस क्षेत्रमा उद्योग स्थापना र संचालनकोलागि सहज वातावरण तथा पानी, विद्युत, यातायात, लगायतका सुविधाको कारणले उद्योग स्थापना बढेको हो । यो औद्योगिक क्षेत्रभित्र जम्मा २८२९ रोपनी जग्गा रहेका मध्ये १८७४.४४ रोपनी वहालमा लगाइएको छ भने ६०१ रोपनी ढल तथा कल्भर्ट र ३५३.४८ रोपनी ग्रिन वेल्टकोलागि छुट्याइएको छ (श्रोत : हेटौंडा संदेश) ।

### ४.२.८ पेशागत अवस्था

यो क्षेत्र औद्योगिक क्षेत्र भएतापनि यहाँका मानिसहरु कृषि, पशुपालन, घरेलु उद्योग, होटल व्यवसाय, व्यापार (खुद्रा तथा थोक) यातायात, निर्माण सम्बन्धी कार्यहरु, संचार सेवा, वित्तिय क्षेत्र र सरकारी तथा निजी स्तरका कार्यालय र उद्योग प्रतिष्ठानमा कार्यरत रहेको पाइन्छ । यस नगरको सम्पूर्ण जनशक्तिले आफू अनुकुलको रोजगारी पाउन नसकेको कारणले वैदेशिक रोजगारमा जानेको संख्या पनि अत्याधिक मात्रामा वृद्धि हुँदै गइरहेको छ । यस नगरको कृषि व्यवसायमा संलग्न जनसंख्या घरधुरीको आधारमा ४७.२४% र अन्य व्यवसायमा ५२.७६% रहेको छ । पेशागत अवस्थालाई तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका नं. ४**

**नगरक्षेत्रको पेशागत अवस्था**

| क्र.सं. | पेशागत क्षेत्र | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ६७४२ | ४७.२४ |
| २ | निर्माण व्यवसाय | १६५ | १.१५ |
| ३ | व्यापार | २०६९ | १४.५० |
| ४ | यातायात सेवा | ३०२ | २.१२ |
| ५ | नोकरी | १२०२ | ८.४२ |
| ६ | अन्य | ३७९१ | २६.५७ |
| | **जम्मा** | **१४२७१** | **१००** |

(श्रोत : केन्द्रिय तथ्याङ्क विभाग २०५८)

यस अध्ययन क्षेत्रमा रहेका १४,२७१ घरधुरी विभिन्न पेशामा लागेको पाइन्छ । निर्माण व्यवसायमा सडक, भवन, पूल पूलेसाको साना ठूला ठेकका पट्टा कार्य गर्ने जनसंख्या

पर्दछन् । त्यस्तै १२०२ घरधुरी सरकारी तथा अन्य नोकरीमा रहेको पाइन्छ । अन्य व्यवसायमा वैदेशिक रोजगार र दैनिक ज्यालादारीमा कार्यगरी जीवन गुजारा गर्ने घरधुरी पर्दछन् । यसमा माछामार्ने, दाउरा बेच्ने, गिट्टी कुट्ने कार्यमा पनि रहेका छन् । यस प्रकार यस क्षेत्रको पेशागत अवस्थामा विविधता रहेको पाइन्छ ।

## ४.३ अध्ययनक्षेत्रको परिचय

अध्ययनको लागि छनोट गरिएको सुन्दर सामुदायिक वन मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं. १ र २ चौकिटोलमा रहेको छ ।

### ४.३.१ सीमा तथा क्षेत्रफल

यस सामुदायिक वनको पूर्वमा पानी ट्याङ्की, मनकामना, वनस्खण्डी सामुदायिक वन, मकवानपुर गढी गा.वि.स.को सिमाना, पश्चिममा राप्ती नदी, उत्तरमा सामरी खोला र दक्षिणमा एभोकाडो नजिकको रोड पर्दछ । यस वनको कूल क्षेत्रफल १०९.५ हेक्टर रहेको छ । यस वनलाई ५ वटा कार्यक्षेत्रमा विभाजन गरिएको छ (श्रोत : सुन्दर सामुदायिक वन उपभोक्ता समूहको संशोधित विधान २०६३) ।

### ४.३.२ वनस्पति तथा वनको अवस्था

यस सामुदायिक वनको मूख्य प्रजाति साल हो । यस वनमा पाउने विभिन्न रुखका प्रजाति मध्ये प्राकृतिक रुपबाट उम्रिएको साल जातले करिव ७५ प्रतिशत भाग ओगटेको छ । भने बाँकी अन्य प्रजातिमा चिलाउने, असना, कटुस, भलायो वर्रो, चाँप, धगैँरो, जामुन, शिरिस, असारे, सिंदुरे, खनायो, बोट धगेरो, क्यामुना, काइयो, बाँस को साथै साना बुटयानहरुमा, घुर्सुल, रुदिलो, उनिऊ थाकल र अन्य प्रकारका बुटयानहरु समेत रहेको पाइन्छ (श्रोत : स्थलगत सर्वेक्षण, २०६८) ।

### ४.३.३ जातीय समूह, घरधुरी र पेशा

यस सामुदायिक वनको उपभोक्ता (घरधुरी) जातीय समूहको आधारमा निम्न अनुसार रहेको पाइन्छ ।

तालिका नं. ५

| जातीय समूह | जनसंख्या | घरधुरी संख्या | प्रतिशत घरधुरीको आधारमा |
|---|---|---|---|
| जनजाति | ५४१ | ९१ | ५१.४१ |
| दलित | १२ | २ | १.१३ |
| ब्राहमण क्षेत्री र अन्य | ५०६ | ८४ | ४७.४६ |
| **जम्मा** | **१०५९** | **१७७** | **१००** |

(श्रोत : सुन्दर सामुदायिक वन उपभोक्ता समिति)

उपभोक्ताहरुको मूख्य पेशा कृषि तथा पशुपालन र नोकरी भएतापनि केहि उपभोक्ताहरु व्यापार, साना उद्योग धन्दा र दैनिक ज्याला मजदुरी गर्ने गर्दछन् । पेशाको आधारमा उपभोक्ताहरुको संरचना निम्नानुसार रहेको पाइन्छ ।

कूल जनसंख्या - १०५९ जना
पुरुषको संख्या - ५४६ जना
महिलाको संख्या - ५१३ जना
कृषि पेशामा संलग्न - ३६.७३ प्रतिशत
व्यापारमा संलग्न - २०.९४ प्रतिशत
नोकरीमा संलग्न - ३६.७६ प्रतिशत
उद्योग धन्दामा संलग्न - २.५७ प्रतिशत
दैनिक ज्यालादारी कार्य - ३.०० प्रतिशत

(श्रोत : सुन्दर सामुदायिक वन उपभोक्ता समिति)

### ४.३.४ आर्थिक अवस्था

समूहका जनताको आर्थिक अवस्था मिश्रित एवं गुजारामुखी रहेको छ । यहाँका जनता कृषि तथा पशुपालन, व्यापार, साना उद्योग धन्दा, होटल व्यवसाय, नोकरी, ट्रक चालक/सहचालक र दैनिक ज्याला मजदुरी गरी जीवनयापन गर्दै आईरहेका पाइन्छ । शिक्षा, संचार, यातायात, विद्युत, पानी जस्ता विकासका पूर्वाधारको सवालमा यो क्षेत्रपनि विकास हुँदै गएको छ । तर हेटौंडा मूख्य बजार भन्दा अलि टाँढा रहेकोले पूर्णरुपले शहरीकरण भएको अवस्था भने छैन ।

यस क्षेत्रका मानिसहरु आंशिक रुपले वन जंगलमा आश्रित रहेका छन् । जस्तो पशुपालनको लागि घाँस, सोत्तर, घर निर्माण र मर्मतको लागि काठ, खाना पकाउने इन्धनको लागि

दाउरा साथै अम्रिसाको कुचो र सालको पात आदि आफ्ना आवश्यकता पूर्ति गर्दै आइरहेका छन् ।

### ४.३.५ सामाजिक एवं सांस्कृतिक पद्धति

यस क्षेत्रका मानिसहरुमा सामाजिक एवं सांस्कृतिक विविधता रहेको पाइन्छ । यहाँ जनजातिहरुको बाहुल्यता रहेको छ भने त्यस मध्येपनि तामाङ्ग जातिका संख्या सबभन्दा बढि रहको छ । जातियताको अनुसार आ-आफ्नो सामाजिक, सांस्कृतिक कार्यहरु सम्पन्न गर्दछन् । विवाहमा परम्परागत मागी विवाहको प्रचलन भएतापनि कतिपय नयाँ पुस्ताले प्रेम विवाहपनि गर्ने गरेको पाइन्छ । चार्ड पर्वहरुमा महिला तथा केटाकेटीहरु बढी रमाईलो गरि मनाउने गर्दछन् । यहाँ मनाइने चार्डपर्वहरुमा नयाँ वर्ष, बुद्ध जयन्ति, आषाढ १५ गते, (दही चिउरा खाने पर्व) साउने सक्रान्ति, कृष्ण अष्टमी, जनै पूर्णिमा, तीज (महिलाहरुको), दशैं, तिहार, माघेसंक्रान्ति, फागु पूर्णिमा, चैते दशैं र क्रिसमस (इसाईहरुले मात्र) प्रमुख हुन् । त्यस्तै मृत्यु संस्कारमा हिन्दु धर्मको प्रधानता रहेको भएतापनि तामाङ्ग जाति र क्रिश्चियन धर्म मान्नेहरुले आ-आफ्नै रीतिरिवाज अनुसार नै मृत्यु संस्कार गर्ने गरेको पाइन्छ (श्रोत : स्थलगत सर्वेक्षण २०६८) ।

# अध्याय - पाँच
# सामुदायिक वनले उपभोक्ताको जीवनयापनमा पारेको प्रभाव

यस अध्यायमा अध्ययनसँग सम्बन्धित, संकलित प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई विश्लेषण गरी सुन्दर सामुदायिक वनले जनजाति उपभोक्ताहरुको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा पारेको सकारात्मक तथा नकारात्मक क्रियाकलाप तथा उनीहरुको जीवनयापनमा पारेको प्रभावको प्रस्तुतीकरण गरिएको छ । उत्तरदाताको वैयक्तिक विवरण प्रस्तुत गर्ने क्रममा लिङ्ग, जाति, शिक्षा, पेशाको अवस्था प्रस्तुत गरिएको छ । यसैगरी उत्तरदाताको जीवनयापन हेर्नका लागि उनीहरुको वर्तमान आर्थिक अवस्था र उपभोक्ताको हैषियतमा सामुदायिक वनको आर्थिक योगदान समेतलाई समावेश गरिएको छ । यसका साथै उत्तरदाताको सामुदायिक वनसँगको साँस्कृतिक सम्बन्ध र त्यसबाट आर्थिक स्थितिमा परेको प्रभावलाई समेत विश्लेषण गरिएको छ ।

## ५.१ उत्तरदाताहरुको व्यक्तिगत विवरण

यसमा सहभागीहरुको घरमूलीको आधारमा लिङ्ग, जाति, पेशा र शिक्षाको बारेमा प्रस्तुत गरिएको छ । यस सामुदायिक वनमा जम्मा उपभोक्ता घरधुरी संख्या १७७ रहेकोमा जनजातिको घरधुरी संख्या ९१, र बाँकी ८६ घरधुरी ब्राहमण, क्षेत्री र अन्य जातका रहेका छन् (श्रोत : सुन्दर सामुदायिक वन उपभोक्ता समिति) ।

यस अध्ययनमा सामुदायिक वनका जनजाति उपभोक्ताहरुको मात्र अध्ययन गरिने भएकोले जनजातिको ९१ घरधुरी मध्ये ५० घरधुरीलाई नमूनाको रुपमा छनौट गरिएको छ ।

### ५.१.१ घरमूली

घरमूली परिवारको प्रमुख व्यक्ति हो । कुनै पनि पारिवारिक संरचनामा घरमूलिको नेतृत्वदायी भूमिकाले प्रभाव पारेको हुन्छ । परिवारका सदस्यहरु वीच वितरण हुने साधानस्रोतमा समेत घरमूलीको भूमिका महत्वपूर्ण रहेको हुन्छ । यसका साथैं वाह्य परिधिका सामाजिक तथा राजनैतिक क्रियाकलापमा घरमूलीको सहभागिता अपेक्षित मानिन्छ । सामुदायिक वनमा समेत पुरुष र महिला घरमूलीको संलग्नताले सहभागिता एवं प्रतिनिधित्वको सवाललाई संकेत गर्दछ । यस अध्ययनमा देखिएका घरधुरी अन्तर्गतका घरमूलिको लिङ्गगत वितरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.-६**

**घरमूलीको लिङ्गका आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | घरमूली | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३८ | ७६ |
| २ | महिला | १२ | २४ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार उत्तरदाताका रुपमा ७६ प्रतिशत पुरुषहरु र २४ प्रतिशत महिलाहरु संलग्न छन् । यसले वन जंगलको संरक्षण, सम्वर्धन तथा नीति निर्माणमा महिलाहरुको सहभागिता न्यून रहेको देखिन्छ । यसबाट पुष्टीहुन्छ कि महिलाहरु अझै पनि सामाजिक क्रियाकलापमा पुरुषको तुलनामा पछाडि परेका छन् । जनजातिमा समेत पितृसत्तात्मक पारिवारिक संरचना विद्यमान छ भन्ने तथ्य समेत उपरोक्त तालिकाबाट बुझ्न सकिन्छ ।

## ५.१.२ जाति/जनजाति

अध्ययन क्षेत्रमा जनजातिको वाहुल्यता रहेको पाइन्छ । जनजाति कसलाई भन्ने सम्बन्धमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ मा "आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परंपरागत रीतिरिवाज छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित ईतिहास भएको अनुसूची बमोजिमका जाति वा समुदायलाई सम्झनु पर्दछ (शारदा शर्मा - कान्तिपुर दैनिक) ।

जातिगत वा जनजातिगत जनसंख्या समिश्रणले प्राकृतिक साधन र स्रोतको वितरण एवं उपभोगमा अलग महत्व राखेको हुन्छ । कुनै जनजातिहरु प्राकृतिक साधन र स्रोतमा बढी नै आश्रित देखिन्छन भने कुनै जनजाति कम मात्र आश्रित छन् । यसले जीवनयापनमा पारेको प्रभाव बुझ्नको लागि जातिगत वितरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७**

**उत्तरदाताहरुको जातिगत वितरण**

| क्र.सं. | विवरण | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | तामाङ्ग/लामा | १० | २० | २० | ४० | ३० | ६० |
| २ | मगर | – | | १० | २० | १० | २० |
| ३ | नेवार | २ | ४ | ४ | ८ | ६ | १२ |
| ४ | गुरुङ्ग | – | | ४ | ८ | ४ | ८ |
| | **जम्मा** | **१२** | **२४** | **३८** | **६७** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

यस सामुदायिक वनमा सबै जातिका गरी जम्मा १७७ घरधुरी रहेकोमा जनजातिहरुको घरधुरी संख्या ९१, र बाँकी ८६ घरधुरी ब्राहमण, क्षेत्री र अन्य जातिका रहेका छन् । माथिको तालिका अनुसार जनजाति मध्ये पनि सबभन्दा बढी तामाङ्ग/लामा ६० प्रतिशत छ भने सबभन्दा कम ८ प्रतिशत गुरुङ्ग जातिको घरधुरी रहेको छ । यसप्रकार जनजातिअन्तर्गत चार प्रकारका जनजातिको बसोबास रहेको पाइयो जसमा गुरुङ्ग र नेवारको प्रतिनिधित्व न्यून छ भने तामाङ्ग/लामाको प्रतिनिधित्व सवभन्दा बढी पाइयो ।

### ५.१.३ शिक्षा

शिक्षा विकासको पूर्वाधार हो । मानवीय विकासको महत्वपूर्ण सूचकको रुपमा शिक्षा रहेको हुन्छ । शिक्षा आधुनिक समाजमा अपरिहार्यनै भएको छ । यसको अभावमा सभ्य समाजको परिकल्पना गर्न सकिदैन । यहि शिक्षाको माध्यमबाट प्रकृति र वातावरणका अनेकौं रहस्य पत्तालगाई मानव समाजले आफ्नो भौतिक उन्नति गर्न सकेको छ । अध्ययन क्षेत्रको शैक्षिक स्तर तालिकामा देखाईएकोछ ।

**तालिका नं.८**

**प्राप्त शिक्षाका आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | अशिक्षित | २ | ४ | ६ | १२ |
| २ | कक्षा १ देखि १० सम्म | १० | १८ | २८ | ५६ |
| ३ | एस.एल.सी. | – | १० | १० | २० |
| ४ | एस.एल.सी. भन्दा माथि | – | ६ | ६ | १२ |
| | **जम्मा** | **१२** | **३८** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार अधिकांश उत्तरदाताहरु एस.एल.सी. भन्दा कम पढेलेखेका छन् । उनीहरु साक्षर तथा सामान्य लेखपढ गर्न मात्र सकदछन् । सामान्य लेखपढ भएकै कारण अधिकांश व्यक्तिहरु कृषि तथा पशु/पंक्षी पालन, होटल तथा किराना पसल, गाडीको चालक तथा सहचालक र कपडा सिलाई जस्ता पेशा गरी आफ्नो जीविकोपार्जन गर्दै आएका पाइन्छ । कम शिक्षित भएकै कारण आफ्ना समस्याहरु तथा अधिकारका कुराहरु समुचित रुपमा उपभोक्ता समूहको बैठकमा वा भेलामा व्यक्त गर्न सकेका हुदैनन र कार्य समितिमा पनि उनीहरुको प्रतिनिधित्व कम पाइएको छ ।

### ५.१.४ पेशा

आर्थिक उपार्जनको लागि गरिने क्रियाकलाप वा भूमिकालाईनै पेशा भनिन्छ । मानिसले आफ्नो तथा परिवारको भरण पोषणको निम्ति कुनै न कुनै पेशा अपनाएको हुन्छ । कुनै पनि पेशाको आधार उसको योग्यता र क्षमता हुन्छ । आजको युगमा योग्यता र क्षमताको ठूलो कदर हुन्छ । त्यसैले आजको प्रतिस्पर्धात्मक युगमा कुनै पनि पेशामा योग्य तथा क्षमतावान मानिस नै सफल भएको पाइन्छ ।

**तालिका नं. ९**

**पेशाको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशु/पंक्षी पालन | १२ | २४ |
| २ | गाडीको चालक/सहचालक | १२ | २४ |
| ३ | होटल र किराना पसल | ८ | १६ |
| ४ | नोकरी (स्वदेशमा) | ८ | १६ |
| ५ | कपडा सिलाई व्यवसाय | ४ | ८ |
| ६ | वैदेशिक रोजगारी | ४ | ८ |
| ७ | निर्माण व्यवसायी | २ | ४ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

अध्ययन क्षेत्रमा कृषि तथा पशुपालनको लागि पर्याप्त जग्गा नभएको र ठूला किसिमका उद्योग धन्दा तथा व्यापार पनि नभएकोले यहाँका धेरै व्यक्तिहरु एउटै पेशामा आवद्ध नभई विविध पेशामा लागेको पाइन्छ । तालिका अनुसार अध्ययन क्षेत्रका २४ प्रतिशत व्यक्तिहरुमात्र कृषि तथा पशु/पंक्षी पेशामा लागेका छन् । भने २४ प्रतिशत नै गाडीको चालक र सहचालक पेशामा बाँकी व्यापार व्यवसाय, नोकरी र वैदेशिक रोजगारमा आवद्ध भएका छन् । यस प्रकार २४ प्रतिशत उपभोक्ताहरुमात्र कृषि तथा पशुपालन पेशामा र अन्य उपभोक्ता विविध पेशामा संलग्न रहेकोले उनीहरुलाई केही मात्रामा दाउरा र काठ बाहेक अन्य वन पैदावरको आवश्यकता नपर्ने हुनाले वनको कार्यमा उनीहरुको प्रत्यक्ष सहभागितामा कमी हुने गरेको पाइयो ।

## ५.२ आर्थिक विवरण

मानव जीवनमा सवभन्दा वढी अर्थको महत्व हुन्छ र अर्थविना जीवन चलाउन कठिन हुन्छ । नेपालको अर्थतन्त्र मूख्यत कृषिमा आधारित छ । कृषि पेशापनि वैज्ञानिक प्रविधिमा आधारित नभएकोले गुजारामुखी मात्र रहेको छ ।

नेपालमा उद्योग धन्दा पनि विकास हुँदै गरेको पाइन्छ । बहुराष्ट्रिय कम्पनिहरुले यहाँ उद्योगहरु खोलेकोमा देशको संक्रमणकाल तथा राजनैतिक अस्थिरताले गर्दा भइरहने मजदुर समस्या तथा विद्युतको समस्याले गर्दा कतिपय उद्योगहरु पलायन भइसकेका छन् भने कतिपय पलायन हुने अवस्थामा छन् ।

व्यापार व्यवसायपनि सन्तोषजनक छैन । खुला बजार नीतिको कारणले गर्दा आयतको तुलनामा निर्यात नगन्यमात्रामा भएकोले देशको व्यापार सन्तुलनमा प्रतिकूल असर पर्नुका साथै देश परनिर्भरतातर्फ गइरहेको छ । भएका केहि उद्योग र व्यापार पनि शहरी क्षेत्रमा मात्र सिमित रही देशको सम्पूर्ण भागमा फैलिन सकेको छैन । देशमा वेरोजगारीको समस्या दिन प्रतिदिन जटिल वन्दै गइरहेको छ । शिक्षित बेरोजगार र अर्ध बेरोजगारको समस्यापनि विकराल रुपमा बढ्दै गएको पाइन्छ । हाल वैदेशिक रोजगारीले देश तथा जनतालाई केहि मात्रामा राहत दिएको भएतापनि नेपाली कामदारहरुले विदेशमा आफ्नो क्षमता र योग्यता अनुसारको काम र परिश्रमिक नपाउनु, सुरक्षाको अभाव हुनु, नेपाली महिलाहरु घरायसी हिंसाको सिकार हुनु आदिका कारण र सरकारको स्पष्ट नीतिको अभावले गर्दा वैदेशिक रोजगारीमा पनि नैराश्यता आउन थालेको छ । तर पनि नेपाली यूवा आफ्नो भविष्यप्रति चिन्तित भएकोले वैदेशिक रोजगारीमा जाने क्रममा भने कमि आएको छैन ।

हाम्रो समाजमा आर्थिक प्रभावले गर्दा सामाजिक अवस्थामा पनि व्यापक परिवर्तन हुँदै आएको छ । आर्थिक पक्ष सवल हुँदै गएमा मानिसको सामाजिक प्रतिष्ठामा पनि वृद्धि हुन्छ । त्यसैले आजकल आर्थिक सम्पन्नतालाई नै प्राथमिकताको रुपमा लिने गरेको पाइन्छ ।

अध्ययन क्षेत्र सुन्दर सामुदायिक वन उपभोक्ता समूह भित्रका जनजाति उपभोक्ताहरुको आर्थिक अवस्थाको बारेमा बुझ्न उनिहरुसँग रहेको जग्गा, घर, पशुपंक्षि, आम्दानी, खर्च कस्तो छ भनि अध्ययन गर्ने उद्देश्यले अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट सर्वेक्षण गरिएकोमा सोको विवरण बुँदागत रुपमा दिइएको छ ।

### ५.२.१ जग्गा

कुनै भूभाग, प्राकृतिक श्रोतको रुपमा यसको मूल्य हुन्छ अथवा मानिसकोलागि खेतिपाति गर्न, वस्न र प्राकृतिक सौन्दर्यको साथै अन्य प्रयोजनको लागि समेत यसको महत्व रहेको हुन्छ (कोलिन्स डिक्स्नेरी) ।

जग्गा प्राकृतिक स्रोतको रुपमा रहेको भएतापनि कुनै जनजातिहरु प्राकृतिक साधन र श्रोतमा बढीनै आश्रित रहेका हुन्छन भने कुनै जनजाति कम मात्र आश्रित रहेका हुन्छन । त्यसैले जीवनयापनमा पारेको प्रभाव वुझ्नको लागि जग्गाको वितरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**जग्गाको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | जग्गा | जनजाति संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ कट्ठा भन्दा कम (घडेरी) | ३२ | ६४ |
| २ | १ कट्ठा देखि ५ कट्ठा सम्म (वारी) | १६ | ३२ |
| ३ | ५ कट्ठा देखि माथि ( वारी) | २ | ४ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

अध्ययन क्षेत्र शहर नजिक भएको, जग्गाको मूल्य महगो भई खेतिकोलागि लगानीको अनुपातमा फायदाजनक नहुनाको साथै सिँचाईको पनि व्यवस्था नभएकाले जग्गा टुक्रिन गई माथिको ताकिला अनुसार ६४ प्रतिशत सँग १ कट्ठाभन्दा कम जग्गा रहेको छ भने ५ कट्ठा भन्दा बढी जग्गाहुने घरधुरी ४ प्रतिशत मात्र रहेको छ । अध्ययन क्षेत्रका उपभोक्ताहरु कृषि पेशा भन्दा अन्य व्यापार (किरानापसल, होटल) नोकरी आदि पेशामा आवद्ध भएको कारणले दैनिक वन पैदावरको आवश्यकता कम पर्ने हुँदा वनको कार्यक्रममा सवै उपभोक्ताहरुको सक्रिय सहभागिता कम रहेको पाइयो ।

### ५.२.२ घरको बनावटको आधारमा उत्तरदाताको वितरण

**तालिका नं. ११**

| क्र.सं. | घरको किसिम | जनजाति संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छाप्रो | ४ | ८ |
| २ | कच्चा(माटो/ढुङ्गाको, टायल/जस्ता छाना) | २२ | ४४ |
| ३ | पक्की/ढलान | २४ | ४८ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

माथिको तालिकाअनुसार ४८ प्रतिशत उत्तरदाताहरुको घर पक्की/ढलान भएको छ भने ८ प्रतिशत मात्र छाप्रोमा बसोबास गरेको पाइयो । यसबाट थाहा हुन्छ कि धेरै जसो उत्तरदाताहरुको वसोवास राम्रो हुनाको साथै आर्थिक अवस्था पनि मध्यम स्तरको रहेको छ ।

### ५.२.३ पशु/पंक्षी पालनको आधारमा उत्तरदाताको वितरण :

**तालिका नं. १२**

| क्र.सं. | पशुपंक्षीको किसिम | ५ गोटा भन्दा कमपाल्ने संख्या | ५ गोटा देखि ५० गोटा पाल्ने संख्या | ५० गोटा भन्दा बढि पाल्ने संख्या |
|---|---|---|---|---|
| १ | गाई/बाच्छा | ६ | – | – |
| २ | भैंसी/पाडा | ४ | – | – |
| ३ | बाखा | १० | ८ | – |
| ४ | कुखुरा | – | १८ | ६ |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

माथिको तालिका अनुसार ५ गोटा भन्दा कम गाई/बाच्छा पाल्ने परिवार संख्या ६ रहेको छ भने त्यतिनै भैसी/पाडा पाल्ने परिवारको संख्या ४ मात्र रहेको र ५ गोटा भन्दा वढि गाई, भैसि पाल्ने परिवार नभएको/त्यस्तै बाखा ५ गोटासम्म पाल्ने १० परिवार र ५ देखि ५० गोटासम्म पाल्ने ८ परिवार पाइयो । कुखुरा पाल्ने परिवार संख्या २४ रहेको भएतापनि कुखुरा पाल्नकोलागि वन पैदावारको आवस्यकता नपर्ने भएको ।

### ५.२.४ पारिवारिक मासिक औसत आम्दानीको आधारमा उत्तरदाताहरुको वितरण

**तालिका नं. : १३**

| क्र.सं. | विवरण | जनजाति संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १० हजार भन्दा कम | १२ | २४ |
| २ | १० हजार देखि १५ हजारसम्म | २६ | ५२ |
| ३ | १५हजार देखि माथि २० हजारसम्म | ४ | ८ |
| ४ | २० हजार देखि माथि | ८ | १६ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

माथिको तालिका अनुसार १० हजार भन्दा कम आम्दानि गर्ने परिवार संख्या १२ वा २४ प्रतिशत पाइयो भने २० हजारदेखि माथि आम्दानि गर्ने परिवार संख्या ८ वा १६ प्रतिशत मात्र । त्यस्तै १० हजार देखि २० हजार सम्म आम्दानिगर्ने परिवारको संख्या ६० प्रतिशत पाइयो । यसबाट के बुझिन्छ भने अध्ययन क्षेत्रका अधिकांश परिवारको आर्थिक अवस्था मध्यम खालको रहेको छ ।

### ५.२.५ पारिवारिक मासिक औसत खर्चको आधारमा उत्तरदाताको वितरण

**तालिका नं. १४**

| क्र.सं. | विवरण | जनजाति संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १० हजार भन्दा कम हुने | १२ | २४ |
| २ | १० हजार देखि १५ हजार सम्म | ३० | ६० |
| ३ | १५ हजार देखि २० हजार सम्म | ६ | १२ |
| ४ | २० हजार देखि माथि | २ | ४ |
| | जम्मा | ५० | १०० |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

माथिको तालिका नं.१४ र १५ को तुलनात्मक अध्ययनगर्दा १० हजारभन्दा कम आम्दानी हुने परिवारको संख्या २४ प्रतिशत रहेकोमा त्यतिनै रकम खर्च गर्नेहरुको संख्यापनि २४ प्रतिशत नै रहेको छ । १० हजार देखि १५ हजारसम्म आम्दानी गर्ने परिवारको संख्या ५२ प्रतिशत रहेकोमा त्यतिनै रकम खर्च गर्ने परिवारको संख्यामा वृद्धि भई ६० प्रतिशत पुगेको पाइन्छ । त्यस्तै २० हजार देखि माथि आम्दानी गर्ने परिवारको संख्या १६ प्रतिशत रहेकोमा त्यतिनै रकम खर्च गर्नेहरुको संख्या १२ प्रतिशत घट्न गई ४ प्रतिशत मात्र रहेको पाइयो । यसबाट के थाहा हुन्छ भने माथिल्लो रकम आम्दानी गर्ने परिवारले आफ्नो आम्दानीबाट सम्पूर्ण रकम खर्च नगरी बचत गर्ने गरेको पाइन्छ ।

### ५.२.६ सामुदायिक वनबाट आर्जित रकम खर्च सम्बन्धमा

सामुदायिक वनबाट आर्जित रकम समूहकै हितमा खर्च भएको छ भनि उपभोक्ताहरुलाई प्रश्न गर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा देखाइएको छ ।

**तालिका नं. : १५**

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समूहकै हितमा खर्च भएको छ | ४० | ८० |
| २ | अलि अलि मात्र समूहको हितमा खर्च भएको छ | १० | २० |
| ३ | केहि पनि खर्च भएको छैन | – | – |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ८० प्रतिशतले आर्जित रकम समूहको हितमा खर्च भएको, र २० प्रतिशतले मात्र वनबाट आर्जित रकम समूहको हितमा पुरा खर्च नभई अलि अलि मात्र खर्च भएको भनि उत्तर दिएका छन् । अधिकांश उत्तर दाताले आर्जित रकम समूहकैहितमा खर्च भएको भनि जनाएकोले समूहको आय/व्यय पारदर्शी भएको पाइयो ।

### ५.२.७ वनको आय वितरण

वनको आय वितरणमा टाठा, बाँठा, धनी वर्ग र जनजाति वर्गमा समानताको हिसावले वितरण गरिन्छ कि असमान किसिमले भनि उपभोक्ताहरुलाई प्रश्न गरिएकोमा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा दिएको छ ।

**तालिका नं. : १६**

| **क्र.सं.** | **शिर्षक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | समान हिसाबले वितरण हुन्छ | ३६ | ७२ |
| २ | धनी तथा टाठाबाठाँले काठपात बढी लिने गरेका छन् | १४ | २८ |
| ३ | जसलाई जे मन लाग्यो त्यही गर्दछन् | – | – |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ७२ प्रतिशत ले समान हिसाबले वितरण हुन्छ, र २८ प्रतिशत ले धनी तथा टाठा, बाँठाले काठपात बढी लिन्छन् भन्ने जवाफ दिएकाछन् । धनी वर्गले कसरी काठपात बढी पाउँदछन् भन्ने सम्बन्धमा सबैको उत्तर थियो वन समितिले उपभोक्ताहरुलाई तोकिएको मूल्यमा काठ, दाउरा विक्रि गर्ने गरेको छ जवकि धनी वर्ग सँग खरिद गर्ने क्षमता र आवश्यकता पनि बढी हुने भएकोले काठपात बढी लिने गरेको तर आर्थिक अवस्था कमजोर भएका वर्गसँग खरिद गर्ने क्षमता र आवश्यकता पनि कम पर्ने भएकोले कम लिएका हुन सक्दछ । तर जनजाति भएर कम दिएको नभई जसलाई बढी आवश्यकता पर्दछ उसले बढी लिने गरेको भन्ने जानकारी  पाइयो ।

वन पैदावारमा काठपात बाहेक अन्य सुविधा भने आर्थिक अवस्था कमजोर भएका जनजातिले बढी पाएका छन् जस्तो :- डाले घाँस, सोत्तर, दुना टपरी गाँस्ने पात आदि वन पैदावर निःशुल्क पाएका छन् । त्यस्तै वनसमितिले उपलब्ध गरिएको सार्वजनिक धारामा नि ःशूल्क खानेपानी, निःशूल्क बाखा/बंगुरको पाठी र बच्चाहरुलाई ज्योती नि.मा.वि.मा छात्रवृत्तिको व्यवस्था आदि सुविधा दिइएको छ (श्रोत : सुन्दर सामुदायिक वन उपभोक्ता समिति)

## ५.२.८ वन पैदावारको उपलब्धता

वन व्यवस्थापनको सवभन्दा महत्वपूर्ण उद्देश्यनै वन पैदावरको उपयोग र उपभोगमा आत्मनिर्भर हुनु हो । उपभोक्ता समूहलाई दैनिक तथा वार्षिक रुपमा चाहिने वन पैदावार वनबाट प्राप्त गर्न सकिन्छ कि सकिदैन भन्ने कुरा महत्वपूर्ण हुन्छ । वनको हैसियत राम्रो छ भने, सबैको आवश्यकता पूर्ति सामुदायिक वनबाट भएको हुन्छ तर यदि वनको हैसियत राम्रो छैन भने सबै उपभोक्ताहरुको आवश्यकता पूर्तिगर्न सकिदैन । सुन्दर सामुदायिक वनका उपभोक्ताहरुलाई सामुदायिक वनबाट आफूलाई चाहिएको वन पैदावार पर्याप्त मात्रामा उपलब्ध हुने गरेको छ कि छैन भनि प्रश्न गर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा देखाइएको छ ।

**तालिका नं. १७**

**वनपैदावारको उपलब्धताको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पर्याप्त मात्रामा उपलब्ध हुने गरेको छ | ४० | ८० |
| २ | केही मात्रामा उपलब्ध हुने गरेको छ | १० | २० |
| ३ | उपलब्ध हुने गरेको छैन | – | – |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ८० प्रतिशतले पर्याप्त मात्रामा उपलब्ध हुने गरेको र २० प्रतिशतले केही मात्रामा उपलब्ध हुने गरेको भनी जवाफ प्राप्त भएको । यसबाट के बुझिन्छ भने यस सामुदायिक वनको हैसियत राम्रो छ । साथै वन समूहका उपभोक्तामध्ये ३६.७३ प्रतिशत मात्र कृषि तथा पशुपालन पेशामा आवद्ध भएको र अन्य पेशामा रहेकाहरुलाई घाँस, सोत्तर जस्ता वन पैदावार आवश्यक नपर्ने । त्यस्तै यो वन क्षेत्र शहरबाट नजिक भएकोले धेरै जसो उपभोक्ताले खाना पकाउन ग्याँस/मट्टितेल प्रयोग गर्ने भै दाउराको आवश्यकता नपर्ने र घरहरुपनि पक्की किसिमको भएकोले एक पटक निर्माण गरेपछि प्रत्येक वर्ष काठको आवश्यकता नहुने भएकोले सबैजसो उपभोक्तालाई पर्याप्त मात्रामा आवश्यक वन पैदावर उपलब्ध हुने गरेको पाइयो ।

### ५.२.९ वनपैदावारको आवश्यकता

वन पैदावरको आवश्यकता र त्यसलाई कसरी पुरा गर्नुहुन्छ भनि प्रश्नगर्दा उत्तरदातामध्ये सामुदायिक वनबाट दाउरा उपभोग गर्ने ५६ प्रतिशत, डालेघाँस उपभोग गर्ने ४८ प्रतिशत, सोत्तर उपभोग गर्ने २० प्रतिशत, निर्माण कार्यको लागि काठ उपभोग गर्ने ५२ प्रतिशत र कुचो (अम्रिसो) उपभोग गर्ने ८८ प्रतिशत पाइयो । कृषि तथा पशुपालन पेशा अपनाउने उपभोक्ताहरुले घाँस र सोत्तर निः शुल्क रुपमा पाउने गरेका छन् भने दाउरा, काठ र कुच्चो समितिले तोकेको सहुलियत मूल्यमा पाउने गरेका छन् । कृषि तथा पशुपालन पेशा अपनाउने उपभोक्ताको संख्या कम भएकोले डालेघाँस र सोत्तर उपभोग गर्नेहरुको संख्या कम रहेको पाइयो । (श्रोत : स्थलगत सर्वेक्षण-२०६८)

### ५.२.१० सामुदायिक वनको स्थापनाले आर्थिक अवस्थामा सुधार

सामुदायिक वनको स्थापनाले आर्थिक अवस्थामा सुधार भएको जस्तो लाग्दछ भनि उपभोक्ताहरुलाई प्रश्न गर्दा उत्तरदाताबाट प्राप्त जवाफ तालिकामा दिइएको छ ।

**तालिका नं. १८**

**वनले ल्याएको सुधारको स्थितिका आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धेरै सुधार भएको छ | ४ | ८ |
| २ | अलि अलि मात्र सुधार भएको छ | ३२ | ६४ |
| ३ | केहि पनि सुधार भएको छैन | १४ | २८ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ६४ प्रतिशत उत्तरदाताले सामुदायिक वनको स्थापनाले आफ्नो आर्थिक अवस्थामा अलि अलि मात्र सुधार भएको महसुस गरेका पाइयो भने भने ८ प्रतिशतले धेरै सुधार भएको र २८ प्रतिशतले केहि पनि सुधार नभएको जवाफ दिएको छन् । यसबाट के बुझिन्छ भने सामुदायिक वनको स्थापनाले अधिकांश उपभोक्ताहरुको आर्थिक अवस्थामा केहि मात्रामा भएपनि सुधार हुँदै गएको पाइयो ।

### ५.२.११ सामुदायिक वनको स्थापनाले पारेको प्रभाव

सामुदायिक वनको स्थापनापछि समूहका जनजाति वर्गमा कस्तो प्रभाव परेको छ भनि सोहि समूहका उपभोक्ताहरुलाई प्रश्न गर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा दिइएको छ।

**तालिका नं. १९**

**वनले पारेको सकारात्मक वा नकारात्मक प्रभावको आधारमा उत्तरदाताको वितरण**

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण सकारात्मक | १० | २० |
| २ | केहि मात्रामा सकारात्मक | ३६ | ७२ |
| ३ | पुरै नकारात्मक | - | - |
| ४ | केहि पनि प्रभाव परेको छैन | ४ | ८ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

पूर्ण सकारात्मक भन्ने २० प्रतिशत, केहि मात्रामा सकारात्मक भन्ने ७२ प्रतिशत र केहि पनि प्रभाव परेका छैन भन्ने ८ प्रतिशत रहेका छन् । यसबाट के बुझिन्छ भने सामुदायिक वनको स्थापनापछि अधिकांश जनजाति वर्गमा केहिमात्रामा भएपनि सकारात्मक प्रभाव पारेको पाइन्छ ।

## ५.३ सामाजिक कार्यक्रम

व्यक्ति व्यक्ति मिलेर समाजको निर्माण हुन्छ । समाजको सबै समस्या वा कार्य मानिसले एक्लै गर्न सक्दैन । एक आपसमा सम्बन्ध हुनुपर्दछ । यहि एक अर्काको सामाजिक अन्तरसम्बन्धलाई नै समाज भनिन्छ । समाजमा सबै व्यक्तिहरुको सामाजिक, आर्थिक, राजनैतिक अवस्था एकै नासको हुँदैन । एक अर्काबिच फरक फरक हुन्छ । त्यस्तै समाजमा भईरहेको विकास वा सुविधा पनि सबैले समानरुपमा पाइरहेका हुँदैनन् । जस्तो एउटा

गाउँमा क्याम्पस खोलियो भने विपन्न वर्गले त्यसबाट खासै उपलब्धि लिन सकेको हुँदैन । तर त्यसको सट्टा एउटा सस्तो र शुलभ तरिकाले विद्यालयको स्थापना गऱ्यो भने विपन्न वर्ग समेत अधिकांशलाई उपलब्धिपूर्ण हुन्छ । त्यसैले समाजमा यस्ता सामाजिक विकासको कार्यक्रममा ध्यान दिएमा सामाजिक विकासले चाडनै अग्रगति लिनसक्दछ ।

वन ऐन २०४९ र पहिलो संशोधन २०५५ अनुसार पनि उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो । समूहले आफ्नो कोषमा भएको रकम मध्येबाट सार्वजनिक हितको काममा खर्च गर्न सक्दछ । समूह स्वचालित हुन सक्रियभएर काम गर्नुपर्दछ यसको लागि काम गर्ने र निर्णय गर्ने प्रकृयामा सबैको सक्रिय सहभागिता र आमसहमति , आयव्ययको पारदर्शिता, योजना, तालिम आदिमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । आपसि सद्भावना र समझदारी अनि साझा लक्षको लागि काम गर्ने दृढता जस्ता कुरालाई महत्व दिनु पर्दछ ।

नेपालमा सामुदायिक वन विकासको कार्यक्रम आफ्नै ढंगले अगाडी बढिरहेको छ । यो कुनै अरु देशको देखासिकिबाट लागु गरिएको होइन । ठाउँ, समय र परिस्थिति अनुसार यस कार्यमा संलग्न भएका निकायहरुको आवश्यकतालाई ध्यानमा राखी पुराना अनुभव र ठाउँ ठाउँमा प्राप्त अनुभवहरुलाई केलाउँदै आउने समयमा कुन काम कसरी गर्ने भन्ने टुङ्गोमा पुग्ने अनि निष्कर्षहरुलाई व्यवहारमा उतार्ने गर्नु पर्दछ । नयाँ काम गर्दै जादाँ नयाँ अनुभवहरु थपिदै जान्छ । यसरी आम सहमतिको आधारमा निकालिएको निष्कर्ष समाजको निम्ति फलदायी हुन्छ ।

मानिस एउटा सामाजिक प्राणी हो । समाजमा विभिन्न जात जाती, धर्म, वर्ण, लिङ्ग, धनी, गरीब, साना ठूला सबै हुन्छन् । आखिर जो जे भएपनि सामुदायिक वन उपभोक्ता समूहमा संगठित भई सकेपछि समूहका कामहरु एउटै साझा लक्षमा पुग्नको लागि गरिने हुनु पर्दछ । कामगर्दा निर्णयगर्ने तरिका र जनसहभागिता आदि कुरामा विशेष ध्यान दिनुपर्दछ । समाजमा गरिने सामाजिक विकासका कार्यक्रमहरुमा व्यक्तिगत स्वार्थभन्दा सामुहिक स्वार्थलाई बढी ध्यान दिनु पर्दछ र त्यसमा पनि खासगरी पिछडीएका वर्ग, गरीब र सुविधाविहिन वर्गको आवश्यकतालाई बढी सम्बोधन गरिएको हुनुपर्दछ ।

### ५.३.१ समूहको बैठक वा छलफलमा उपभोक्ताहरुको सहभागिता स्थिति

समूहको विधान तथा कार्ययोजना बनाउदा, कार्य समितिको चयन गर्दा, वन पैदावर विक्रि वितरण गर्दा र समूहको आम्दानी खर्च गर्ने जस्ता विविध विषयमा छलफल गर्न बैठक वा सभा बस्ने गरेको हुन्छ । यस्ता किसिमको बैठकमा सबैको सहभागिताले अनुभवको

आधारमा के ठीक के बेठीक भन्ने कुरा निष्कर्ष निकालिन्छ तर विभिन्न कारणले समूहको सदश्य भएर पनि अशिक्षित महिला तथा पुरुषहरु ठूलो वडाको अगाडी निर्धक्क भएर आफ्ना तर्क तथा विचारहरु राख्न वा छलफल गर्न हिचकिचाउन सक्दछन् । यस्तो हुन नदिनको लागि समूहका सदस्यहरु स-साना समूहमा विभाजित भई छलफलगरी सबैलाई मान्य हुने किसिमको निर्णय गर्नु पर्दछ ।

**तालिका नं. २०**

**जनजाति उपभोक्ताको समूहको छलफलमा सहभागिता स्थिति**

| क.सं. | छलफलको किसिम | उपस्थित | | अनुपस्थित | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | समूहको विधान तथा कार्ययोजना बनाउँदा | ३२ | ६४ | १८ | ३६ |
| २ | कार्य समिति चयन गर्दा | ३६ | ७२ | १४ | २८ |
| ३ | वन पैदावार विक्रि वितरण गर्दा | २० | ४० | ३० | ६० |
| ४ | समूहको आम्दानी खर्च गर्दा | २२ | ४४ | २८ | ५६ |

(श्रोत : स्थलगत सर्वेक्षण, २०६८)

तालिका अनुसार कार्यसमितिको चयन गर्ने भेला/ वैठकमा ७२ प्रतिशत उपभोक्ता उपस्थित हुने गरेकाछन् भने वन पैदावारको विक्रि वितरण गर्ने सम्बन्धि बैठकमा ४० प्रतिशत मात्र उपस्थित भई ६० प्रतिशत अनुपस्थित रहने गरेको पाइयो । कार्यसमितिको चुनावमा खडाहुनेले अन्य उपभोक्ताहरुलाई समयमानै सूचना वा आफैगई भेटघाट गरी उपस्थित हुन अनुरोध गर्ने भएकोले बढी उपस्थित हुने गरेको पाइन्छ । अन्य भेला वा बैठकमा अशिक्षित र साक्षरमात्र भएका उपभोक्ताहरुलाई बैठकको सूचनापनि समयमानै नपुग्ने र आफैं जागरुपभई बैठकमा भागिलिनु पर्छ भन्ने चाहना पनि नहुनाको साथै कामको बोझले समयदिन नसक्नाले पनि बैठकमा उपस्थित संख्या कम हुने गरेको बुझिएको छ ।

## ५.३.२ कार्यसमितिमा प्रतिनिधित्व

समूहको काम कार्यवाहिलाई दैनिक रुपमा संचालन गर्न ११ सदस्यिय कार्य समिति र अन्य आवश्यक समिति र उप-समितिहरु गठन गरेको पाइन्छ । कार्य समितिको गठन गर्दा

समावेशिको आधारमा गठन गर्ने गरिन्छ । हाल सुन्दर सामुदायिक वन उपभोक्ता समूह कार्यसमितिको अवस्था तालिकामा उल्लेख भए अनुसार रहेको छ ।

**तालिका नं. २१**

**कार्यसमितिमा प्रतिनिधित्वको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| २ | जनजाति (पुरुष) | ३ | २७.२७ |
| ३ | जनजाति (महिला) | २ | १८.१८ |
| ४ | अन्य-ब्राम्हण क्षेत्री (पुरुष) | ३ | २७.२७ |
| ५ | अन्य-ब्राम्हण क्षेत्री (महिला) | ३ | २७.२८ |
| | **जम्मा** | **११** | **१००.००** |

(श्रोत : सुन्दर सामुदायिक वन उपभोक्ता समूह)

कूल उपभोक्ताको ४७.७८ प्रतिशत रहेको अन्य जातिको कार्यसमितिमा प्रतिनिधित्व५४.५५ प्रतिशत छ भने ५१.०९ प्रतिशत रहेको जनजातिहरुको प्रतिनिधित्व ४५.४५ प्रतिशत मात्र रहेको पाइन्छ त्यस्तै दलितबाट प्रतिनिधित्वनै भएको पाइएन । यसबाट के बुझिन्छ भने कार्यसमितिमा बढी शिक्षित र उच्च जातका व्यक्तिहरुको बाहुल्यता रहेको पाइन्छ ।

त्यस्तै जनजाति उपभोक्ताहरुलाई तपाई वा परिवारका कुनै सदस्यलाई कार्य समितिमा समावेश गरिएको छ भनि प्रश्नगर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा देखाइएको छ ।

**तालिका नं. २२**

**कार्य समितिमा समावेश हुन इच्छुक उपभोक्ताको स्थिति**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समावेश गरिएको छ | १४ | २८ |
| २ | समावेश गरिएको छैन | ६ | १२ |
| ३ | समावेश हुन चाहेकै छैन | ३० | ६० |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ६० प्रतिशत कार्यसमितिमा समावेश हुन चाहँदैनन भने २८ प्रतिशत मात्र समावेश भएको पाइयो त्यस्तै समावेश गरिएको छैन भन्ने १२ प्रतिशत मात्र रहेका छन् । यसको मूख्य कारण जनजातिहरु धेरै जसो शिक्षाको कमिको कारणले र गाडीको चालक/सहचालक, होटल व्यवसायी, वैदेशिक रोजगार आदि पेशामा संलग्न भएको कारणले पनि बैठकमा उपस्थित हुन नसक्ने हुँदा कार्यसमितिमा समावेश हुन नचाहेको भन्ने जानकारी पाइयो ।

### ५.३.३ छलफल र कार्यसमितिमा जनजाति महिलाहरुको सहभागिता स्थिति

वन उपभोक्ता समूहमा कतिपय निर्णयहरु समूहको छलफलबाट र कतिपय निर्णयहरु कार्यसमितिबाट हुने गर्दछ । यस्ता निर्णयहरु गर्दा जनजाति महिलाहरुको सहभागिता कस्तो रहने गरेको छ भनि उपभोक्ताहरुलाई प्रश्न गर्दा उत्तरदाताबाट प्राप्त जवाफ तालिकामा दिइएको छ ।

**तालिका नं. २३**

**सहभागिताको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **राम्रो सहभागिता हुने गरेको छ** | ४ | **८** |
| २ | **हुनुपर्ने जति सहभागिता हुने गरेको छैन** | **४०** | **८०** |
| ३ | **सहभागिता नै छैन** | **-** | **-** |
| ४ | **थाहा छैन** | **६** | **१२** |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ८ प्रतिशतले राम्रो सहभागिता हुने गरेको छ, ८० प्रतिशतले हुनुपर्ने जति सहभागिता नभएको र १२ प्रतिशतबाट थाहा छैन भन्ने जवाफ प्राप्त भएको । जनजाति महिलाहरु अशिक्षित र कम शिक्षित भएको कारणले वन सम्बन्धि समूहको भेला छलफल र कार्यसमितिमा कम सहभागिता हुने गरेको पाइयो ।

पहिले भन्दा जनजाति महिलाहरुको सहभागितामा वृद्धि भएको छ वा छैन भनि पुरक प्रश्न गर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा दिइएको छ ।

**तालिका नं. २४**

**जनजाति महिलाको सहभागितामा वृद्धिको स्थिति**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वृद्धि भएको छ | १४ | २८ |
| २ | पहिले जस्तै छ | ३० | ६० |
| ३ | अझ घटेको छ | ६ | १२ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ६० प्रतिशतले पहिले जस्तै छ र सहभागितामा वृद्धि भएको छैन भन्ने जवाफ दिएका छन् भने २८ प्रतिशतले वृद्धि भएको र १२ प्रतिशतले अझ घटेको जनाएका छन् । यसबाट जनजाति महिलाहरुको वन सम्बन्धि कार्यक्रममा राम्रो सहभागिता नहुनाको साथै सहभागितामा जुन वृद्धि हुदै जान पर्ने हो सोमा पनि सुधार भएको पाइएन ।

### ५.३.४ वन पैदावारको वितरण अवस्था

वन पैदावारको वितरणमा समानता रहेको पाउनु हुन्छ ? भनि उपभोक्ताहरुलाई प्रश्नगर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा दिइएको छ ।

**तालिका नं. २५**

**वन पैदावार वितरणको आधारमा उत्तरदाताको वितरण**

| क्रं.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| **१** | **समानता रहेको ठान्दछु** | ४४ | **८८** |
| **२** | **समानता रहेको ठान्दिन** | **६** | **१२** |
| | **जम्मा** | **५०** | **१००** |

माथिको तालिका अनुसार ८८ प्रतिशतले समानता रहेको ठान्दछु र १२ प्रतिशतले मात्र ठान्दिन भनि जवाफ दिएको पाइयो । त्यस्तै समानता रहेको ठान्दिन भनि जवाफ दिएका १२ प्रतिशतलाई किन समानता रहेको ठान्नुहुन भनि पूरक प्रश्न गर्दा वन समूहको काठ, दाउरा उपभोक्ताहरुलाई तोकिएको मूल्यमा विक्रि गर्ने गरेको छ, जुनकि धनी वर्गसँग खरिद गर्ने क्षमता बढी हुने भएकोले बढी खरिद गरि प्रयोग गर्दछन् । तर गरीवसँग खरिद गर्ने क्षमता कमहुने भएकोले कम प्रयोग गर्नुपर्ने हुन्छ ।

### ५.३.५ निर्णय प्रकृयागत अवस्था

समूहको निर्णय प्रक्रिया कस्तो प्रकारले गरिन्छ भनि उपभोक्ताहरुलाई प्रश्न गर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा दिइएको छ ।

**तालिका नं. २६**

**निर्णय प्रकृयाको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सबै उपभोक्ताहरु मिलेर | २८ | ५६ |
| २ | समितिका पदाधिकारीले मात्र | ८ | १६ |
| ३ | अध्यक्षले मात्र | २ | ४ |
| ४ | थाहा छैन | १२ | २४ |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ५६ प्रतिशतले निर्णय प्रक्रियामा सबै उपभोक्ता मिलेर, २४ प्रतिशतले थाहा छैन र १६ प्रतिशतले समितिका पदाधिकारीले मात्र भन्ने जवाफ दिएका छन् भने ४ प्रतिशतले अध्यक्षले मात्र भन्ने । शिक्षित उपभोक्ताहरुलाई निर्णय प्रकृयाको बारेमा राम्रो ज्ञान भएता पनि अशिक्षित र साक्षरमात्र भएका कतिपय उपभोक्ताहरुलाई निर्णय प्रक्रियाको बारेमा ज्ञान नभएको पाइयो ।

त्यस्तै निर्णय प्रक्रियामा तपाईको भूमिका कस्तो रहने गरेको छ भन्ने सम्बन्धमा ५० उत्तरदातामध्ये ३२ प्रतिशतले सक्रिय, ४४ प्रतिशतले मध्यम र २४ प्रतिशतले निष्कृय रहने गरेको पाइयो ।

शिक्षित उपभोक्ताहरुको निर्णय प्रक्रियामा सक्रिय भूमिका रहने गरेको र अशिक्षित र साक्षर मात्र भएका उपभोक्ताहरुको निर्णय प्रक्रियामा मध्यम र निश्क्रिय भूमिका रहने गरेको पाइयो । श्रोतः स्थलगत सर्वेक्षण २०६८

### ५.३.६ वन संरक्षणबाट सहयोग

वन संरक्षणबाट तलका मध्ये कुन कुन कार्यकोलागि सहयोग पुगेको छ भनि उपभोक्ताहरुलाई प्रश्न गरेकोमा सत प्रतिशत उत्तरदाताले तलको सबै कार्यको लागि सहयोग पुगेको जानकारी दिए ।

१.बाढी पहिरो रोकथाम

२. पानीको मुहान फुटने

३. वातावरण प्रदुषणमा कमी

४. दाउँरा, घाँस र सोत्तर पाउन सहजता

५. घर बनाउन र मरमत गर्न काठको सहजता

६. वन्य जन्य पदार्थबाट हस्तकलाका सामान तथा अन्य घरेलु सामान बनाउन कच्चा पदार्थको सहजता

७. वनको कारणले आफ्नो क्षेत्रको प्राकृतिक सौन्दर्य बढाउने ।

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

माथिको जवाफबाट वन संरक्षणले सबै उपभोक्ताहरुलाई सहयोग पुगेको पाइयो ।

### ५.३.७ वन व्यवस्थापन

वन व्यवस्थापन कार्यगर्दा के आधारमा सेवा दिने गर्नुभएको छ भनि उपभोक्ताहरुलाई प्रश्न गर्दा ८४ प्रतिशत उत्तरदाताले वन पैदावार उपभोग गर्ने शर्तमा र १६ प्रतिशतले वन पैदावारको उपभोग गर्नुका साथै पारिश्रमिक लिएर सेवा दिने गरेको जानकारी पाइयो (श्रोत : स्थलगत सर्वेक्षण २०६८) ।

माथिको आँकडा अनुसार वन व्यवस्थापन कार्यमा जनसहभागिताको साथै आर्थिक रुपमा कमजोर उपभोक्ताहरुलाई आंशिक रुपमा भएपनि रोजगारी उपलब्ध हुने गरेको पाइयो । जुन कमजोर वर्गको आर्थिक अवस्था सुधार्न केहिमात्रामा भएपनि सहयोग पुगेको पाइन्छ ।

### ५.३.८ जातीयताको कारणले विभेद

जातीयताको कारणले गर्दा वन सम्बन्धि कार्यक्रम वा अन्य अवसरहरुबाट उपेक्षित भएको जस्तो लाग्दछ भनि अध्ययन क्षेत्रको जनजाति उपभोक्ताहरुलाई प्रश्नगर्दा सबै ५० उत्तरदाताहरुबाटनै लाग्दैन भन्ने जवाफ प्राप्त भयो । यसबाट उपभोक्ताहरुमा जातीयताको कारणले विभेद नभएको पाइयो । (श्रोतः- स्थलगत सर्वेक्षण २०६८)

### ५.३.९ उच्चजाति र जनजाति बीचको सम्बन्ध

उच्च जाति र धनी वर्गले जनजातिहरुलाई कस्तो किसिमको व्यवहार गर्दछन् भन्ने सम्बन्धमा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा देखाइएको छ ।

**तालिका नं. २७**

**ब्राह्मण-क्षेत्री र जनजातिवीचको सम्वन्धका आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | २८ | ५६ |
| २ | ठीकै | २२ | ४४ |
| ३ | होच्याउने किसिमको | - | - |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ५६ प्रतिशतले राम्रो र ४४ प्रतिशतले ठीकैको व्यवहार गर्दछन् भन्ने जवाफ दिइएको पाइयो । यसबाट उच्च जातिका र तल्लो जाति भनिनेको बीचमा राम्रो

सम्बन्ध रहेको र जातीयताको कारणले वा आर्थिक हैसियतको कारणले वन समूहभित्र खासै विभेद रहेको पाइएन ।

### ५.३.१० सामुदायिक वनको स्थापना पछि वनको अवस्था

सामुदायिक वन विकास कार्यक्रमको मार्ग दर्शन २०६५ अनुसार सामुदायिक वन समूहले आर्जन गरेको कूल आम्दानीबाट कम्तिमा २५ प्रतिशत रकम वनको सुधार संरक्षण र सम्वर्द्धन कार्यमा अनिवार्य रुपले खर्च गर्नुपर्ने उल्लेख गरिएको छ । यसबाट थाहा हुन्छ सामुदायिक वनको मूख्य उद्देश्यमध्ये वनको अवस्थामा सुधार गर्नुपनि एक हो ।

अध्ययन क्षेत्रका उपभोक्ताहरुलाई सामुदायिक वनको स्थापनापछि पहिलेको तुलनामा वनको अवस्थामा कस्तो सुधार आएको छ भनि प्रश्नगर्दा उत्तरदाताहरुबाट प्राप्त जवाफ तालिकामा देखाइएको छ ।

**तालिका नं. २८**

**सामुदायिक वनको स्थापना पछिको वनको अवस्था**

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो सुधार आएको छ | ४४ | ८८ |
| २ | अलिअलि सुधार आएको छ | ६ | १२ |
| ३ | केहि पनि सुधार आएको छैन | - | - |
| | **जम्मा** | **५०** | **१००** |

(श्रोत : स्थलगत सर्वेक्षण २०६८)

तालिका अनुसार ८८ प्रतिशतले राम्रो सुधार आएको र १२ प्रतिशतले अलि अलि सुधार आएको भनि जवाफ दिएको छन । वनका उपभोक्ताहरु मिलि वन विकास तथा सुधारका कार्यहरु गरेको कारणलेनै सामुदायिक वनको स्थापनापछि वनको अवस्थामा राम्रो सुधार भएको पाइयो ।

### ५.३.११ सामुदायिक वनवाट प्रत्यक्ष लाभः

सामुदायिक वनवाट कस्तो किसिमको प्रत्यक्ष लाभ पाउनुभएको छ भनि ५० जनजाति उपभोक्ताहलाई प्रश्नगर्दा सवै उत्तरदातावाट मिल्दो जुल्दो उत्तरप्राप्त भएको छ, जुन निम्न छन् :

- आफ्नो प्रयोगकोलागि चाहिने दाउरा, काठ र कुचो सहुलियत मूल्यमा प्राप्त हुने गरेको छ ।
- पशुपालनको लागि आवश्यक पर्ने घाँस सोत्तर निशुल्क उपलब्ध हुने गरेको छ ।
- वन समूहले वितरणगरेको सार्वजनिक धारामा निःशुल्क खानेपानी उपलब्ध हुने गरेको छ ।
- मृत्यु कार्यमा दाहसंस्कारको लागि निःशुल्क आवश्यक दाउरा उपलब्ध हुने गरेको छ ।
- आय आर्जनकोलागि वेद बाँसको मुढा, हस्तकलाका सामान तथा पातका दुना, टपरी आदि बनाउने तालिम निःशुल्क प्राप्त गरी आफुले तयार गरेका सामान समूहले खरिद गरिदिने भएकोले आंशिक रुपमा रोजगारी पाउने गरेको छ ।
- समूह भित्रका आर्थिक अवस्था कमजोर भएका सदस्यहरुलाई निःशुल्क वाखी/वंगुरको पाठी वितरण गर्ने गरेको छ ।
- आर्थिक अवस्था कमजोर भएका परिवारका बच्चाहरुलाई ज्योति नि.मा.वि मा छात्रवृत्तिको व्यवस्था गरिएको छ । जसबाट कमजोर आर्थिक अवस्था भएकाहरुले पनि शिक्षा आर्जनको अवसरबाट वन्चित हुनु नपर्ने अवस्था रहेको छ ।
- शारीरिक कार्य गर्न सक्नेकोलागि दाउरा र काठ कटान तथा घाटगद्दीगर्दा आंशिक रुपमा रोजगारी पाउने गरेको ।
- सामुदायिक वनको आयवाट यसक्षेत्रको वाटो, पुलेसा, विद्यालय भवन, पुस्तकालय, क्लब, मन्दिर, प्रतिक्षालय आदिको निर्माण तथा मर्मतकार्य हुने भएकोले यस क्षेत्रका सबैले सामूहिक सुविधा पाउने गरेको पाइयो ।

(श्रोतः स्थलगत सर्वेक्षण २०६८)

# अध्याय - छ
# अध्ययनको सारांश र निस्कर्ष

अध्ययन विषय सामुदायिक वनले उपभोक्ताको जीवनयापनमा पारेको प्रभाव सम्बन्धमा विभिन्न उद्देश्यहरु राखी अध्ययन क्षेत्रबाट प्राप्त प्राथमिक सूचनाहरुलाई अघिल्लो अध्यायमा प्रस्तुति र व्याख्या विश्लेषण गरिएको छ। यस अध्यायमा उद्देश्य अनुसारको सीमाभित्र रही सारांश खिच्ने प्रयास गर्नुका साथै निस्कर्षहरु प्रस्तुत गरिएको छ।

## ६.१ अध्ययनको सारांश

- अध्ययनको विषय सामुदायिक वनले उपभोक्ताको जीवनयापनमा पारेको प्रभाव शीर्षक अन्तरगत रही हेटौंडा नगरपालिका वडा नं. २ स्थित सुन्दर सामुदायिक वन समूहका जनजाति उपभोक्ताहरुमाझ गई उनीहरुको वास्तविक वस्तुस्थिति अध्ययन र सर्वेक्षण गरिएको छ । अध्ययनको लागि समूहका जम्मा १७७ घरधुरी मध्ये जनजातिको घरधुरी ९१ वाट ५० घरधुरीलाई नमूनाको रुपमा छनौटगरी वर्णनात्मक अनुसन्धान ढाँचाको माध्यमबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ। त्यस्तै सूचना संकलनको क्रममा नै विभिन्न सरोकारवाला व्यक्ति तथा समूहसँग छलफल र अन्तरवार्ताको माध्यमले पनि सत्य तथ्यको जानकारी प्राप्त गरिएको छ । अध्ययनको क्रममा ५० घरमूलीसँग अन्तरवार्ता लिइएको छ।
- अध्ययन क्षेत्रका जनजातिहरु मध्ये तामाङ्ग लामाको घरधुरी संख्या ३० वा ६० प्रतिशत रहेको पाइयो भने मगर नेवार र गुरुङ्गको घरधुरी संख्या क्रमश १०, ६ र ४ वा २० १२ र ८ प्रतिशत मात्र रहेको पाइयो । अध्ययन क्षेत्रमा तामाङ्ग/लामाहरुको बाहुल्य रहेको पाइन्छ।
- अध्ययन क्षेत्रका जनजाति घरमूली मध्ये एस.एल.सी वा सो भन्दा माथि अध्ययन गरेका ३२ प्रतिशत रहेको पाइयो भने १२ प्रतिशत अशिक्षित र कक्षा १ देखि १० सम्म अध्ययन गरेका ५६ प्रतिशत रहेको पाइयो। यसबाट के बुझिन्छ भने अध्ययन क्षेत्रको घरमूलीहरु अधिकांश साक्षरमात्र रहेका र उच्च शिक्षा लिनेहरुको संख्या कम रहेको पाइयो।
- अध्ययन क्षेत्रका उत्तरदाताहरु मध्ये धेरै व्यक्तिहरु एउटै पेशामा आवद्ध नभई विविध पेशामा रहेको पाइयो । जस्तो कृषि तथा पशुपालन पेशामा २४, गाडीको

चालक/सहचालक पेशामा २४, होटल र किराना पसलमा १६, नोकरीमा १६, वैदेशिक रोजगारमा ८ र अन्य पेशामा १२ प्रतिशत रहेको पाइयो ।

- अध्ययन क्षेत्रका उत्तरदाताहरु सँग रहेको जग्गाको अवस्था तालिका नं. १० मा देखाइएको छ जसमा ६४ प्रतिशत घरमूलीसँग १ कट्ठा भन्दा कम जग्गा (घडेरी) मात्र रहेको पाइयो भने ३२ प्रतिशत सँग १ देखि ५ कट्ठा र ४ प्रतिशत घरधुरी सँगमात्र ५ कट्ठा भन्दा बढि जग्गा रहेको पाइयो ।
- उत्तरदाताहरुको घरको वनावटको अवस्था तालिका नं. ११ मा देखाइएको छ । जसमा ४८ प्रतिशत परिवारसँग पक्की/ढलान भएको घर छ भने ४४ प्रतिशतसँग कच्चा (माटो/ढुङ्गा र टायल, जस्ताको छाना भएको र ८ प्रतिशतसँग मात्र छाप्रो घरभएको पाइयो ।
- उत्तरदाताहरुको पशु/पंक्षी पालनको अवस्था तालिका नं. १२ मा देखाइइको छ । जस अनुसार ५ गोटा भन्दा कम गाई/वाच्छा पाल्ने परिवार संख्या ६ रहेको छ भने त्यतिनै भैंसी/पाडा पाल्ने परिवार संख्या ४ मात्र रहेको र ५ गोटा भन्दा बढी गाई/भैंसी पाल्ने परिवार कोहि नभएको । त्यस्तै वाखा पाल्ने परिवार १८ रहेको छ भने कुखुरा पाल्ने परिवार संख्या २४ रहेको पाइयो ।
- उत्तरदाताहरुको पारिवारिक मासिक आम्दानी तालिका नं. १३ मा देखाइएको छ । जसमा १० हजार भन्दा कम आम्दानी गर्ने परिवार संख्या १२ वा २४ प्रतिशत पाइयो भने २० हजार देखि माथि आम्दानी गर्ने परिवार संख्या ८ वा १६ प्रतिशत मात्र । त्यस्तै १० हजार देखि २० हजार सम्म आम्दानी गर्ने परिवार संख्या ३० वा ६० प्रतिशत पाइयो । यसवाट अध्ययन क्षेत्रका अधिकांश परिवारको आर्थिक अवस्था मध्यम खालको रहेको पाइयो ।
- उत्तरदाताहरुको पारिवारिक मासिक खर्च तालिका नं. १४ मा देखाइएको छ । जसमा १० हजार भन्दा कम खर्च गर्ने परिवार २४ प्रतिशत पाइयो भने २० हजारदेखि माथि खर्च गर्ने ४ प्रतिशतमात्र । त्यस्तै ७२ प्रतिशत परिवारको मासिक औसत खर्च, १० हजार देखि २० हजारको बीचमा रहेको पाइयो ।
- तालिका नं. १५ मा सामुदायिक वनवाट आर्जित रकम कहाँ खर्च हुने गरेको छ भन्ने सम्बन्धमा ८० प्रतिशत उत्तरदाताहरुले समूहकै हितमा खर्चहुने गरेको २० प्रतिशतले मात्र पूरै नभई केहिमात्र समूहको हितमा खर्च हुने गरेको भन्ने जवाफ पाइयो ।

- सामुदायिक वनको आय वितरण कसरी हुने गरेको छ भन्ने सम्बन्धमा ७२ प्रतिशत उत्तरदाताहरुले सबै उपभोक्ताहरुमा समान हिसाबले वितरण हुने गरेको र २८ प्रतिशतले मात्र धनी वा टाठा वाठाले काठपात बढीलिने गरेको भन्ने पाइयो ।
- तालिका नं. १७ मा वनपैदावारको उपलब्धता सम्बन्धमा देखाइएको छ । जसमा ८० प्रतिशतले आवश्यकता अनुसार पर्याप्त मात्रामा उपलब्ध हुने गरेको र २० प्रतिशतले पर्याप्त नभई केहीमात्रामा उपलब्ध हुने गरेको भन्ने पाइयो ।
- सामुदायिक वनको स्थापनाले समूहका सदस्यहरुको आर्थिक अवस्थामा सुधार भएको सम्बन्धमा ८ प्रतिशतले धेरै सुधार भएको, २८ प्रतिशतले केही पनि सुधार नभएको र ६४ प्रतिशतले केहि मात्रामा सुधार भएको भन्ने जवाफ पाइयो ।
- सामुदायिक वनको स्थापनाले जनजाति वर्गमा कस्तो प्रभाव पारेको छ भन्ने सम्बन्धमा ५० उत्तरदाताहरु मध्ये २० प्रतिशतले पूर्ण सकारात्मक, ८ प्रतिशतले केहि पनि प्रभाव नपारेको र ७२ प्रतिशतले केही मात्रामा सकारात्मक प्रभाव पारेको भन्ने पाइयो ।
- समूहको छलफलमा जनजाति उपभोक्ताहरुको सहभागिताको स्थिति वारे तालिका नं. २० मा देखाइएको छ । जसमा समूहको विधान तथा कार्ययोजना वनाउने भेलामा ६४ प्रतिशत, कार्यसमितिको चयन गर्ने भेलामा ७२ प्रतिशत, वन पैदावारको विक्री वितरण गर्ने भेलामा ४० प्रतिशत र समूहको आम्दानी खर्च गर्ने भेलामा ४४ प्रतिशत मात्र उपस्थित हुने गरेको पाइयो ।
- कार्य समितिमा प्रतिनिधित्वको अवस्था तालिका नं. २१ मा देखाइएको छ । जसमा कुल उपभोक्ता घरधुरीको ४७.७८ प्रतिशत रहेको अन्य जातिवाट कार्य समितिमा ५४.५५ प्रतिशत रहेको छ भने ५१.०९ प्रतिशत रहेको जनजातिहरुको प्रतिनिधित्व ४५.५५ प्रतिशत मात्र रहेको पाइयो ।
- तालिका नं. २३ मा समूहको छलफल र कार्य समितिमा जनजाति महिलाहरुको सहभागिता स्थिति देखाइएको छ । जसमा ८ प्रतिशतले राम्रो सहभागिता हुने गरेका, १२ प्रतिशतले यस वारेमा थाहा नभएको र ८० प्रतिशतले हुनपर्नेजाति सहभागिता हुने नगरेको भन्ने पाइयो ।
- समूहको छलफलमा जनजाति महिलाहरुको सहभागिता पहिले भन्दा वृद्धि भए/नभएको सम्बन्धमा २८ प्रतिशतले वृद्धि भएको, १२ प्रतिशतले पहिले भन्दा झन घटेको र ६० प्रतिशतले पहिले जस्तै रहेको भन्ने पाइयो ।

- समूहको निर्णय प्रकृया कस्तो प्रकारले गरिन्छ भन्ने सम्बन्धमा ५६ प्रतिशतले सवै उपभोक्ता मिलेर, ४ प्रतिशतले अध्यक्षलेमात्र, १६ प्रतिशतले समितिका पदाधिकारीले मात्र र २४ प्रतिशतले सो सम्बन्धमा जानकारी नभएको भन्ने पाइयो ।
- जनजाति उपभोक्ताहरुको निर्णय प्रकृयामा कस्तो भूमिका रहनेगरेको छ भन्ने सम्बन्धमा ५० उत्तरदातामध्ये १६ जनाले सक्रिय, २२ जनाले मध्यम र १२ जनाले निस्कृय भूमिका रहने गरेका भन्ने पाइयो ।
- उच्च जातिकाले जनजातिलाई कस्तो व्यवहारगर्दछन् भन्ने सम्बन्धमा ५६ प्रतिशतले राम्रो र ४४ प्रतिशतले ठिकै व्यवहार गर्दछन् भन्ने पाइयो ।
- सामुदायिक वनको स्थापनापछि पहिलेको तुलनामा वनको अवस्थामा कस्तो सुधार भएको छ भन्ने समबन्धमा ८८ प्रतिशतले राम्रो सुधार भएको र १२ प्रतिशतले केहिमात्र सुधार आएको भन्ने पाइयो ।

## ६.२ अध्ययनको निस्कर्ष

- अध्ययन क्षेत्रका जनजाति मध्ये अधिकांश तमाङ्ग/लामा जातिको वसोवास भएको पाइयो ।
- अशिक्षित वर्गमा शिक्षाको कमिको कारणले गर्दा सामुदायिक वनबाट आफूले लिन सक्ने सुविधा के हो र समुहको सदस्यको हैसियतले आफ्नो अधिकार के हो भन्ने बारेमा कम जागरुप भएको पाइयो
- शिक्षाको कमीको कारणले जनजाति उपभोक्ताहरुले समूहको सभा, गोष्टीमा सहभागिता र निर्णय प्रकृयामा आफ्नो पहुँच बढाउन सकेको पाइएन । त्यसैले उनीहरुको कार्यसमिति र अन्य समिति/उपसमितिहरुमा पनि सन्तोषजनक उपस्थिति रहेको पाइदैन ।
- धेरै जसो जनजातिहरुसंग जग्गाको स्वामित्व कम रहेको पाइयो ।
- समूहमा प्रदान गरिने कुनै पनि प्रकारको तालिम तथा सिपमुलक कार्यक्रममा जनजातिहरु भाग लिनबाट पछि हट्ने गरेको पाइयो ।
- सामुदायिक वनबाट प्राप्त हुने वन पैदावार आवश्यकता अनुसार सबै उपभोक्तालाई उपलब्ध हुने गरेको पाइयो ।

- वन पैदावार प्रयोग गर्ने सम्बन्धमा कृषि तथा पशुपालन पेशा अपनाउनको लागि दैनिक रुपमा घाँस सोत्तर र दाउरा बढी आवश्यक पर्ने तर अन्य व्यवसाय र नोकरी गर्नेको लागि त्यस्ता वन पैदावारको आवश्यकता नपर्ने भै कहिले काँही निर्माण कार्यको लागि काठको मात्र आवश्यक पर्ने भएकोले उनिहरुले वनको कार्यमा कम चासो देखाउने गरेको पाइयो ।
- अध्ययन क्षेत्रका धेरै व्यक्तिहरु एउटै पेशामा आवद्ध नभई विविध पेशामा रहेको पाइयो । यसको मूख्य कारण कृषिकोलागि जग्गा कम हुनु पनि एक हो ।
- अध्ययन क्षेत्रका अधिकांश घरहरु पक्की भएको र कमैमात्र छाप्रो घरमा वसोवास गर्ने गरेको पाइयो ।
- पशुपंक्षी पालनको लागि सुविधा नभएकोले कमैमात्र उपभोक्ताहरुले पशुपंक्षी पालन गरेको पाइयो ।
- पारिवारिक मासिक आम्दानी र खर्चको तुलनागर्दा अध्ययन क्षेत्रमा मध्यम वर्गका परिवारको वसोवास रहेको पाइयो ।
- सामुदायिक वनवाट आर्जित रकम समूहकै हितमा खर्च गर्ने गरेको पाइयो ।
- सामुदायिक वनको आय उपभोक्ताहरुमा समानरुपले वितरण हुने गरेको पाइयो ।
- सामुदायिक वनको स्थापनाले समूहका सदस्यहरुको आर्थिक अवस्थामा केहिमात्रामा भएतापनि सुधार हुँदै गएको पाइयो ।
- सामुदायिक वनको स्थापनाले जनजाति वर्गमा केहि मात्रामा सकारात्मक प्रभाव पारेको पाइयो ।
- सामाजिक सुविधा अन्तरगत वन समूहले उपभोक्ताहरुको लागि सार्वजनिक धारा जडान गरी निशुल्क खानेपानी वितरण, मृत्यु कार्यमा दाहसंस्कारको लागि निशुल्क आवश्यक दाउरा वितरण, दलित तथा आर्थिक अवस्था कमजोर भएका उपभोक्ताका बच्चाहरुको लागि त्यही क्षेत्रको स्कूलमा छात्रवृत्तिको व्यवस्था साथै दलितहरुको लागि निशुल्क उपभोक्ता समूहको सदस्यता जस्ता कार्यक्रमले दलित, जनजाति र अन्य उपभोक्ताहरुलाई धेरै सहयोग पुऱ्याएको पाइन्छ ।

- यसैगरी आयमूलक कार्यक्रम अन्तरगत वन नर्सरी तयार गर्दा, काठ, दाउरा, बाँस र कुचो (अम्रिसो) कटान र घाट गट्टी गर्दा आंशिक रुपमा रोजगारी उपलब्ध हुने गरेको भएता पनि यो कार्य धनी र शिक्षित वर्गले नगर्ने भएकोले जनजातिको लागि उपलब्ध हुने गरेको पाइयो ।
- सामुदायिक वनको स्थापनाले जनजाति वर्गको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षमा केहि मात्रामा भएपनि सकारात्मक सुधार हुँदै गएको पाइयो जस्तो जातिगत विभेद र लिङ्गगत विभेदमा पनि क्रमश कमि हुँदै गएको पाइन्छ । त्यस्तै  उच्च र धनी वर्गले गरीव तथा तल्लो वर्गलाई हेर्ने दृष्टिकोणमा पनि धेरै परिवर्तन आएको पाइयो । धनी वा उच्च वर्गले दलीत र तल्लो वर्गलाई हेप्ने वा होच्याउने किसिमको व्यवहारमा परिवर्तन हुँदै गएको पाइयो । जुन समाज विकासको क्रममा धेरै सकारात्मक पक्ष हो ।
- सामुदायिक वनको स्थापनापछि पहिलेको तुलनामा वनको अवस्थामा राम्रो सुधार भएको पाइयो ।

# सन्दर्भ सामग्री


- **उपेक्षित,** उत्पीडित र दलितवर्ग उत्थान विकास समिति-कार्यक्रम संचालन निर्देशिका, २०६५
- **कान्तिपुर दैनिक**, ८ आषाढ, २०६८
- **गतिविधि पत्रिका**, (मार्ग-फाल्गुण) २०६०
- **जिल्ला वनकार्यालय**, कवुलियती वन, अनुगमन तथा मूल्याङ्कन पुस्तिका-२०६७
- **जिल्ला वन कार्यालय**, सामुदायिक वन उपभोक्ता समूह, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन-२०६४
- **वन ऐन २०४९,** पहिलो संशोधन, २०५५,........
- **लोकराज पाण्डे**, सांस्कृतिका पर्यावरण किताब
- **शारदा शर्मा**, कान्तिपुर दैनिक, २२ मंसिर २०६८
- **शान्ता काफ्ले,** हाम्रो सामुदायिक वनको प्रक्रिया, २०५२
- **सामुदायिक वन विकास कार्यक्रमको मार्ग दर्शन**, २०६५
- **सुन्दर सामुदायिक वन उपभोक्ता समूहको संशोधित विधान**, २०६३
- **हाम्रो कल्प वृक्ष, वर्ष १७,** चैत्र २०६३
- **हाम्रो कल्पवृक्ष, वर्ष १७, माघ**, २०६३
- **हेटौंडा नगरपालिका, एक शब्द चित्र**-२०६४
- **हेटौंडा संदेश, राष्ट्रिय दैनिक, ८ साउन**- २०६८
- Acharya, D.P., Shrestha R., Niraula D.R. & Ghimire k. 1999. Community Forestry for Everybody, HMG/N, DOF, kathmandu

- **Bartlett A.G.**, 1992-A Review of community
  Forestry Advances in Nepal, Common wealth
  Forestry Review 71(2) PP 95-100
- **CARF Nepal**-1996 DAG strategy paper.
- **King w**., maharjan M.R. & Gental P.-2002 forestry partership project Research synthesis Report. CARE Nepal.
- **Laugh**-heads S.R.D. 1994. Social Development Consideration in community forest, Nepal
- **Malla** Y.B. 2001- Impact of Community Forestry policy on Rural liveli hood in security in Nepal. Vol 5
- **Maharjan**, M.R. 1998- The flow & Distribution of costs & Benefits in the chuliban CF Dhankuta District Nepal- Rural Development Forestry. Network paper 23. Overseas Development Institute, London
- **Pokharel B.K**. -2002, Contribution of CF to people's livelihood & Forest sustai nability : experience from Nepal- word Rain forest movement, paper presented in Regional workshop on Adaptive Collaborative management, sep. 26-27 Bankok.
- **Sharma**, U. R. 1993- Community forest : Some conceptual issues, Banko Jankari Vol 4 (1).
- **UNDP 1998**- The Nepal Human Development Report, Nepal.

**अनुसूचि - १**

**अन्तरवार्ता प्रश्नावली नमूना**

# सामुदायिक बनले उपभोक्ताको जीवनयापनमा पारेको प्रभाव

(मकवानपुर जिल्ला हेटौंडा नगरपालिका स्थित सुन्दर सामुदायिक वनले,
जनजाति उपभोक्ताको जीवनयापनमा पारेको प्रभाव)

**१) उत्तरदाताको व्यक्तिगत विवरण**

क) नाम

ख) ठेगाना

ग) उमेर

घ) लिङ्ग

ङ) जाति

च) परिवार संख्या

छ) पेशा

ज) शिक्षा

**२. पारिवारिक विवरण**

| क्र.सं. | पारिवारिक सदस्यको नाम | घरमूलीसँगको नाता | लिङ्ग | वैवाहिक स्थिति | उमेर | शिक्षा | पेशा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | **जम्मा परिवार संख्या** | | | | | | | |

३. उत्तरदातासँग रहेको जग्गाको किसिम तथा परिणाम

| जग्गा | जग्गाको क्षेत्रफल (विघा/कठ्ठा/धुर |
|---|---|
| खेत | |
| बारी | |
| बगैंचा र खरवारी | |
| जम्मा | |

४. उत्तरदाताको पशुपालन अवस्था तथा परिणाम

| क्र.सं. | पशुको किसिम | संख्या | उन्नत प्रजातिको | स्थानिय प्रजातिको |
|---|---|---|---|---|
| १ | गाई | | | |
| २ | भैसी र राँगा | | | |
| ३ | भेडा/बाख्रा | | | |
| ४ | सुंगुर/बंगुर | | | |
| ५ | कुखुरा | | | |
| ६ | अन्य | | | |

५. तपाईको परिवारको मासिक औसत आम्दानी कति छ ?

| क्र.सं. | आयश्रोत | आम्दानी (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नोकरीबाट | | |
| २ | अन्नवाली विक्रिबाट | | |
| ३ | पशुपंक्षी विक्रिबाट | | |
| ४ | तरकारी, फलफुल विक्रिबाट | | |
| ५ | व्यापार व्यवसायबाट | | |
| ६ | अन्य | | |
| ७ | जम्मा | | |

६. तपाईको परिवारको मासिक औसत खर्च कति छ ?

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | दैनिक उपभोग्य सामाग्री | | |
| २ | शिक्षा | | |
| ३ | स्वास्थ्य | | |
| ४ | लत्ताकपडा | | |
| ५ | अन्य | | |
| ६ | जम्मा | | |

७. सामुदायिक वनावट आफूलाई चाहिएको वन पैदावार पर्याप्त मात्रामा उपलब्ध हुने गरेको छ ?

क) छ

ख) केहिमात्रामा छ

ग) छैन

८. तपाईलाई महिनामा कति वन पैदावरको आवश्यकता पर्दछ र त्यसलाई कसरी पूरा गर्नुहुन्छ ?

| क्र.सं. | वन पैदावरको किसिम | प्राप्त गर्ने स्रोत | एकाई | कैफियत |
|---|---|---|---|---|
| १ | दाउरा | | | |
| २ | डालेघाँस | | | |
| ३ | सोत्तर | | | |
| ४ | निर्माण कार्यको लागि काठ | | | |
| ५ | कुच्चो (अमृसो) | | | |
| ६ | अन्य | | | |

९. तपाई वन व्यवस्थापनको कार्यमा के आधारमा सेवा दिनु हुन्छ ?

क) सित्तैमा

ख) पारिश्रमिक लिएर

ग) वन पैदावर उपभोग गर्ने शर्तमा

घ) अन्य

१०. सामुदायिक वनले आय आर्जनको लागि के कस्ता कार्यक्रमहरु चलाएका छन् ?

कार्यक्रमको किसिम

११. के तपाईले अन्य व्यक्ति, संघ/संस्था वा बैंकबाट ऋण लिनु भएको छ ?

क) छ

ख) छैन

**१२. यदि ऋण लिएको छ भने निम्न विवरण दिनुहोस्**

| **क.सं.** | **ऋणको श्रोत** | **रकम (रु)** | **व्याजदर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | साहू/व्यक्तिबाट | | | |
| २ | बैंक/सहकारीबाट | | | |
| ३ | संघ संस्था वा समूहबाट | | | |
| ४ | अन्य (स्रोत खुलाउने) | | | |
| | **जम्मा** | | | |

**१३. तपाईको घरको वनावट कस्तो छ ?**

क) छाप्रो

ख) कच्ची (माटो र ढुङ्गाको)

ग) पक्की/ढलान

**१४. तपाई वन पैदावरको वितरणमा समानता रहेको ठान्नु हुन्छ ?**

क) ठान्दछु

ख) ठान्दिन

**१५. यदि समानता रहेको ठान्नु हुन्न भने किन ?**

**१६. वन समूहको निर्णय प्रकृया कस्तो प्रकारले गरिन्छ ?**

क) सबै उपभोक्ताहरु मिलेर

ख) समितिका पदाधिकारीले मात्र

ग) अध्यक्षले मात्र

घ) थाहा छैन

**१७. निर्णय प्रकृयामा तपाईको भूमिका कस्तो रहने गरेको छ ?**

क) सकृय ख) निस्कृय ग) मध्यम

**१८. सामुदायिक वनको स्थापनाले तपाईको आर्थिक अवस्थामा सुधार भएको जस्तो लाग्दछ ?**

क) धेरै सुधार भएको छ

ख) अलिअलिमात्र सुधार भएको छ

ग) केहिपनि सुधार भएको छैन

**१९. तपाईले सामुदायिक वनबाट कस्तो किसिमको प्रत्यक्ष लाभ पाउनु भएको छ ? (पूर्ण विवरण सहित)**

**२०. सामुदायिक वनबाट आर्जित रकम समूहकै हितमा खर्च भएको छ ?**

क) खर्च भएको छ

ख) अलिअलि मात्र खर्च भएको छ

ग) केहीपनि खर्च भएको छैन

**२१. तपाई वा परिवारका सदस्यले तल दिइएको कुनै बैठक वा छलफलमा भाग लिने गर्नुभएको छ ?**

| **क्र.सं** | **बैठकको किसिम** | **भाग लिएको छ** | **भाग लिएको छैन** |
|---|---|---|---|
| क) | समूहको विधान तथा कार्ययोजना बनाउँदा | | |
| ख) | कार्यसमिति चयन गर्दा | | |
| ग) | वन पैदावर विक्रि वितरण गर्दा | | |
| घ) | समूहको आम्दानी खर्च गर्दा | | |

**२२. तपाई वा परिवारका कुनै सदस्यलाई कार्य समितिमा समावेश गरिएको छ ?**

क) छ ख) छैन ग) समावेश हुन चाहेकै छैन

**२३. यस सामुदायिक वन क्षेत्रभित्र मुख्य रुपमा कुन कुन प्रजातिका रुखहरु पाइन्छन् ?**

क)

ख)

ग)

घ)

**२४. वन संरक्षणबाट निम्न मध्ये कुन कुन कार्यको लागि सहयोग पुगेको छ?**

क) वाढी पहिरो रोकथाम

ख) पानीको मुहान फुट्ने

ग) वातावरण प्रदुषणमा कमी

घ) घाँस सोत्तर पाउन सहजता

ङ) घर बनाउन र मरमत गर्न काठको सहजता

च) अन्य भए खुलाउने

२५. **सामुदायिक वन संरक्षण कार्य शुरु भएदेखि निम्न मध्ये कुन कुन गतिविधि भएको देख्नु भएको छ ?**

क) चोरी शिकारी

ख) काठ तस्करी

ग) दाउरा/घाँसको चोरी

घ) दुर्व्यसनी तथा तस्कर लुक्ने अखडा

ङ) अन्य भए खुलाउने

२६. **जातियताको कारणले गर्दा वन सम्बन्धि कार्यक्रम तथा अन्य अवसरबाट उपेक्षित भएको जस्तो लाग्दछ ?**

क) लाग्दछ

ख) लाग्दैन

२७. **यदि लाग्छ भने किन र कसरी ?**

२८. **उच्च जातिका वा धनी वर्गले जनजाति उपभोक्ताहरुलाई कस्तो किसिमको व्यवहार गर्दछन् ?**

क) राम्रो ख) ठीकै ग) होच्याउने किसिमको

२९. **सामुदायिक वनको स्थापना पछि समूहका जनजाति वर्गमा कस्तो प्रभाव परेको छ ?**

क) पूर्ण सकरात्मक

ख) केहि मात्रामा सकारात्मक

ग) पूरै नकारात्मक

घ) केहिपनि प्रभाव परेको छैन

३०. **वनको आय वितरणमा टाँठा बाठा , धनिवर्ग र जनजाति वर्गमा समानताको हिसाबले वितरण गरिन्छ कि असमान तवरले ?**

क) सामान हिसावले वितरण हुन्छ

ख) धनी तथा टाठाँ वाठाले काठपात वढी लिने गरेको छन्

ग) जसलाई जे मन लाग्यो त्यही गर्दछन

३१. **जनजातिलाई लक्षित गरी के कस्ता कार्यक्रम ल्याउन उपयुक्त होला ?**

३२. **समूहको छलफल र कार्य समितिमा जनजाति महिलाहरुको सहभागिता कस्तो हुने गरेको छ ?**

क) राम्रो सहभागिता हुने गरेको छ

ख) हुनुपने जति सहभागिता हुने गरेको छैन

ग) सहभागिता नै छैन

घ) अन्य

३३. **पहिले भन्दा जनजाति महिलाहरुको सहभागितामा वृद्धि भएको छ वा छैन ?**

क) छ ख) उस्तै छ ग) अझ घटेको छ

३४. **सामुदायिक वनको आयबाट जनजातिको जीवनस्तर सुधारको लागि छुट्टै कार्यक्रम संचालन गरिएको छ ?**

क) छ ख) छैन

३५. **छ भने कस्तो प्रकारको कार्यक्रम सञ्चालन गरिएको छ ?**

..................................................................................................................

३६. **सामुदायिक वनको स्थापना पछि पहिलेको तुलनामा वनको अवस्थामा के कस्तो सुधार आएको छ ?**

क) राम्रो सुधार आएको छ

ख) अलिअलि सुधार आएको छ

ग) केहि पनि सुधार आएको छ

३७. **अन्तमा सामुदायिक वन व्यवस्थापन र लाभांश वितरण सम्बन्धमा तपाईको केही भन्नु थियो कि?**

..................................................................................................................

## अनुसूचि - २
## प्रमुख जानकार व्यक्तिसँग सोधिएका प्रश्नावली नमुना

१. **उत्तरदाताको व्यक्तिगत विवरण**

क) नाम

ख) ठेगाना

ग) उमेर

घ) लिङ्ग

ङ) जाति

च) पेशा

छ) शिक्षा

२. **सामुदायिक वनको स्थापनापछि समूहका जनजाति वर्गको जीवन स्तरमा सुधार भएको छ ?**

३. **सामुदायिक वनबाट प्राप्त लाभांश वा आय सबै उपभोक्ताहरुमा समानरुपले वाँडफाड हुन्छ कि असमान रुपले ?**

४. **सामुदायिक वनको निर्णय प्रकृयामा जनजाति वर्गको भूमिका कस्तो रहने गरेको छ?**

५. **के राजनैतिक अस्थिरताको कारणले सामुदायिक वन व्यवस्थापन र संरक्षणमा असर परेको छ ?**

६. **सामुदायिक वनबाट प्राप्त आयलाई कस्तो कार्यक्रममा खर्च होस भन्ने चाहनु हुन्छ ?**

७. **सामुदायिक वनलाई अझ व्यवस्थित र सुधार गर्न तपाईको केही भन्नु छ कि ?**

## अनुसूचि - ३

## समूह छलफलको लागि तयार पारिएको प्रश्नावली नमुना

१. सामुदायिक वनको स्थापनापछि समूहका उपभोक्ताहरुले के के सुविधा पाएका छन ?

२. सामुदायिक वनबाट समूहका जनजाति उपभोक्ताहरुले केही विशेष सुविधा पाउने गरेको छन भने के के सुविधा पाउने गरेका छन् ?

३. वन उपभोक्ता समूहले वनको संरक्षण, सम्वर्धन र व्यवस्थापनको लागि गरेका मुख्य कार्य के के हुन् ?

४. सामुदायिक वनबाट प्राप्त वन पैदावार वा सोको विक्रिबाट प्राप्त आम्दानी समूहका सबै उपभोक्ताहरुलाई समानरुपमा वितरण गर्ने गरेको छ कि छैन ?

५. समूहको कार्यसमिति र अन्य उपसमितिहरुमा जनजाति र महिलाहरुको लागि आरक्षणको व्यवस्था गरेको छ कि छैन ?

६. सामुदायिक वनले आर्जन गरेको आम्दानी कस्ता कार्यहरुमा खर्च हुने गरेको छ ?

७. के तपाईहरुको सामुदायिक वनले निम्न आयभएका परिवारको लागि विशेष कार्यक्रम संचालन गर्ने गरेको छ ? छ भने कस्तो कार्यक्रम :

८. यस वन उपभोक्ता समूहलाई सम्बन्धित सरकारी निकायबाट के सुविधा उपलब्ध गराएमा वनको संरक्षण र सम्बर्धनमा सहयोग पुग्ला भन्ने ठान्नु हुन्छ ?

९. सामुदायिक वन व्यवस्थापन र लाभांश वितरण सम्बन्धमा तपाईहरुको केही भन्नु छ की ?